## विशेष इजलास

१

**मा.न्या. श्री तपबहादुर मगर, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ०९७७, उत्प्रेषणयुक्त परमादेश, *पुष्पकमल दाहाल "प्रचण्ड" वि. संवैधानिक परिषद् समेत*

निवेदकलाई परिषद्को बैठक बस्न तय गरिएको मिति २०६७।१।१० को सूचना ४८ घण्टा अगावै दिइएको भन्ने परिषद्का सचिव अर्थात् नेपाल सरकारको मुख्य सचिवको लिखित जवाफमा उल्लेख गरिएको पाइँदैन । ऐनको दफा ६(२) ले ४८ घण्टा अगावै सूचना पठाउनु पर्ने भनी गरेको व्यवस्थाको अर्थ सूचना पठाउनेले सो सूचना ४८ घण्टा अगावै आफ्नो कार्यालयबाट पठाउनु भन्ने होइन । अपितु परिषद्को सदस्यले ४८ घण्टा अगावै सो सूचना पाउनुपर्ने ऐनको उद्देश्य र व्यवस्था हो । सदस्यले जहिले सूचना पाए पनि पठाउनेले ४८ घण्टा अगावैको मिति र समय राखी सूचना पठाए पुग्ने भन्ने ऐनको अर्थ गर्दा उक्त कानूनी व्यवस्थाको उपहास हुनजाने ।

आफ्नो अधिकारको तथ्यसहितको जानकारी भएर पनि यसलाई आफूखुशी प्रयोग नगरेको अवस्थामा मात्र "अधिकार परित्यागको सिद्धान्त" (Doctrine of Waiver) आकर्षित हुन सक्दछ । आफ्नो अधिकारको लागि प्रयत्नशील रहँदै अधिकारको प्रयोगबाट बञ्चित गरिएको भन्दै कानूनी उपचार (Judicial Remedy) का लागि अदालतमा प्रवेश गरेको र राज्यको महत्वपूर्ण कार्य गर्नुपर्ने संवैधानिक अङ्गको पदाधिकारी नियुक्तिमा सिफारिश गर्नुपर्ने जस्तो गहन जिम्मेवारीको भूमिका निभाउनु पर्ने संवैधानिक परिषद्को सदस्य रहेको व्यक्तिले आफ्नो अधिकारको परित्याग गरिसकेको भन्ने अर्थ गर्न नमिल्ने ।

परिषद्को कुनै बैठक बारे कुनै सदस्य स्वयंले मौखिक जानकारी लिन नसक्ने भन्ने होइन । यसका अतिरिक्त परिषद्को बैठकमा आफू अनुपस्थित रहेर पनि बैठकको निर्णय स्वीकार गरी बस्न सक्नेमा कुनै कानूनी अड्चन रहेको देखिँदैन । तर पहिला कुनै बैठकमा कुनै सदस्यको अनुपस्थितिलाई निजले आफूलाई परिषद्ले गर्ने आगामी निर्णय प्रक्रियाबाट अलग गरी सकेको भन्ने सम्झन मिल्दैन । साथै निजले आगामी बैठक र सो बैठकबाट गरिने निर्णयहरू पनि स्वीकार गरी बसेको वा पछिल्ला बैठकहरूमा उपस्थित हुन र निर्णय प्रक्रियामा सहभागी हुन पाउने अधिकार परित्याग (Waive) गरी सकेको भनी अनुमान गर्नु कुनै दृष्टिकोणले उचित, कानूनसम्मत र तर्कसम्मत नहुने ।

संवैधानिक परिषद्बाट कानूनविपरीत भएको मिति २०६७।१।१० को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब नेपालको अन्तरिम संविधान, २०६३ को मर्म, भावना एवं संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ ले गरेको व्यवस्था र प्रक्रियाबमोजिम यथाशीघ्र रिक्त संवैधानिक अङ्गका पदाधिकारीहरूको नियुक्तिसम्बन्धी सिफरिश निर्णय गर्नु भनी संवैधानिक परिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ ३१ गते रोज ५ शुभम् ।

- यसमा यसै लगाउको २०६६ सालको रिट नं. ००४५, *श्रीप्रसाद पण्डित वि. संवैधानिक परिषद् प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## पूर्ण इजलास

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री ताहिर अली अन्सारी र मा. न्या. श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.इ.नं. २०६६-DF-००७, लिखत बदर, दर्ता बदर, *असेसरप्रसाद बरै वि. गायत्रीदेवी चौरसिया समेत*

वादीले पहिला नै निर्णय बदर र अपुताली हक कायम मुद्दाहरू दिई सकेको र ती मुद्दाहरूमा यी वादीको हक कायम नहुने भई फैसलाहरू भइसकेका छन् । ती मुद्दाहरूवाट टुङ्गो लागी नै सकेको विवादलाई अर्कै रूपमा पुनः यी वादीले उठाएको समेत देखिएकोले वादीको दावी कानूनमा आधारित रहेको नपाइने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६६ साल चैत १२ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको साधक नं. ०००१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हाकुकुमार राई*

प्रतिवादी हाकुकुमार राईको अनुसन्धान अधिकारी एवं अदालतमा भएको साबिती बयानलाई लाश प्रकृति मुचुल्का, पोष्टमार्टम रिपोर्ट, जाहेरी दर्खास्त, मौकामा बुझिएका लीलादेवी राई र अमरबहादुर राईको बकपत्रबाट समेत समर्थित भैरहेको देखिँदा प्रतिवादी हाकुकुमार राईलाई ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं.को कसूरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असार ११ गते रोज ६ शुभम् ।

२

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको साधक नं. ०००८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. उदेशकुमार राई*

घटनास्थल तथा लाश जाँच प्रकृति मुचुल्का, जाहेरी दर्खास्त, वस्तुस्थिति मुचुल्काका मानिस जानुका राई र गणेश राईको मौकाको साथै अदालतमा आई गरेको बकपत्र समेतबाट प्रतिवादी उदेशकुमार राईले अधिकार प्राप्त अधिकारी एवं अदालतसमक्ष गरेको साबिती बयानलाई पूर्ण रूपमा समर्थन गरेको देखिँदा मृतक बज्रबहादुर राईको मृत्यु उदेशकुमार राईको कर्तव्यबाट भएको भन्ने पुष्टि हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असार ११ गते रोज ६ शुभम् ।

३

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६६ सालको साधक नं. ००११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गंगामाया कार्की समेत*

प्रतिवादीहरू गंगामाया कार्की र धानुका कार्कीले अनुसन्धान अधिकारी एवं अदालतसमक्ष गरेको साबिती बयानलाई जाहेरी दर्खास्त, मृतकको लाश जाँच मुचुल्का, शब परीक्षण प्रतिवेदन, घटनास्थलबाट मृतकलाई हानेको हँसिया एवं ढुंगा बरामद भएकोमा प्रतिवादीहरूले सनाखत समेत गरी दिएको कागज, मौकामा बुझिएका राजकुमार कार्कीले अदालतमा आई गरेको बकपत्र समेतबाट समर्थित हुन आएको देखिँदा प्रतिवादीहरूले आरोपित कसूर गरेको तथ्य पुष्टि हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असार ११ गते रोज ६ शुभम् ।

४

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको साधक नं. ०१०४, कर्तव्य ज्यान, *नेपाल सरकार वि.यज्ञबहादुर बलायर*

लाश जाँच मुचुल्का, पोष्टमार्टम रिपोर्ट, मौकामा बुझिएका भोजबहादुर बलायरको साथै जाहेरवाला दिलबहादुर बलायरले अदालतमा आई गरेको बकपत्र समेतबाट प्रतिवादी यज्ञबहादुर बलायरले अनुसन्धान अधिकारी एवं अदालतमा गरेको साबिती बयानलाई समर्थन गरेको देखिँदा प्रतिवादी यज्ञबहादुर बलायरले आफ्नी श्रीमती कुन्तीदेवी बलायरलाई कर्तव्य गरी मारेको तथ्य पुष्टि हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ असार ११ गते रोज ६ शुभम् ।

५

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६२ सालको साधक नं. ३४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तेजलाल डुम्रे समेत*

प्रतिवादीहरू तेजलाल डुम्रे र लक्षीमा डुम्रेले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयानलाई जाहेरी दर्खास्त, लाश जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन एवं मौकामा बुझिएका परमानन्द डुम्रे समेतका व्यक्तिहरूको बकपत्र समेतबाट समर्थित हुन आएको देखिँदा प्रतिवादीहरूले आरोपित कसूर गरेको तथ्य पुष्टि हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असार ११ गते रोज ६ शुभम् ।

६

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको रि.नं. ३०१४, उत्प्रेषण समेत, *लक्ष्मीप्रसाद पराजुली वि. महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुण्डी दाङ समेत*

निवेदक लक्ष्मीप्रसाद पराजुलीले सहप्राध्यापक पदमा बढुवा पाउने स्थिति स्पष्ट देखिएको विद्यमान अवस्थामा विश्वविद्यालयले विज्ञापन प्रकाशित गर्दा आफैंले उक्त सूचनामा उल्लिखित न्यूनतम् योग्यताको आधारभन्दा भिन्न प्रकारबाट उम्मेद्वार चयन गरी नेपाली विषयको योग्यताक्रमअनुसारको सहप्राध्यापक पदमा उम्मेद्वार ध्रुबप्रसाद भट्टराईको हकमासम्म महेन्द्र संस्कृत विश्वविद्यालय कार्यकारी परिषद्को २०६२।५।१३, १६ र १९ गते समेतको निर्णय एवं सो निर्णयअनुसार शिक्षक छनौट समितिको कार्यालयद्वारा प्रकाशित सूचना कानूनसम्मत नदेखिँदा निज ध्रुबप्रसाद भट्टराईको हकमासम्म उपर्युक्त निर्णय समेतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदक लक्ष्मीप्रसाद पराजुलीले उक्त नेपाली विषयको सहप्राध्यापक पदमा बढुवा पाउने स्थिति विद्यमान देखिएको हुँदा महेन्द्र संस्कृत विश्वविद्यालय, शिक्षक छनोट समितिको कार्यालय बेलझुण्डी दाङ्गबाट विज्ञापन नं. १।०६०।६१ अनुसार सहप्राध्यापक पदको सफल उम्मेदवारको सूची प्रकाशित मिति २०६१।५।२ देखि जेष्ठता मिति कायम हुने गरी निवेदक लक्ष्मीप्रसाद पराजुलीलाई नियुक्ति दिनु भनी प्रत्यर्थी महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुण्डी दाङ्ग समेतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असार २२ गते रोज ३ शुभम् ।

७

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०९६९, निषेधाज्ञायुक्त परमादेश, *भि.पी. दानी वि. गंगा अमात्य*

बैंक र कम्पनीबीच बाँकी हिसाबकिताब फर-फारक भै ऋण चुक्ता भैसकेको भनी इजलास समक्ष पेश गरेको कागज प्रमाण समेतबाट प्रस्तुत मुद्दामा एसबीआई बैंकको तर्फबाट परेको पुनरावेदन जिकीरतर्फ प्रवेश गरी थप विवेचना गर्नुपर्ने देखिन आएन । बैंकले जानकारी गराएको मितिले ३५ दिनभित्र ऋणी कम्पनीले तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावा व्याज रकम दाखिल गर्न ल्याए लिई ऋणीको सुरक्षणबापत धितो रहेको सो घर जग्गा लिलाम नगरी फुकुवा समेत गरिदिनु भनी पुनरावेदक बैंकको नाममा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

८

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** फौं.पु.नं. ०६३-CR-०१९३, ०६५-CR-०५८१, कीर्ते ठगी, *नेपाल सरकार वि. ज्ञानेन्द्र बिष्ट, ज्ञानेन्द्र बिष्ट वि. नेपाल सरकार*

ठगी गर्नेलाई हुने सजायको हकमा ठगीको ४ नं. ले बिगो कायम नभएको भन्ने आधारमा सजायलाई दुई वर्गमा बाँडेको पाइन्छ । प्रस्तुत मुद्दामा ठगी भएको मूल अङ्कमा विवाद नरही बिगो

कायम भएको देखिए पनि यी प्रतिवादी ज्ञानेन्द्र बिष्टको संलग्नताको हदसम्म सो पूरै बिगोमा निजको संलग्नता रहेको भन्ने देखिन आउँदैन । ठगीजन्य क्रिया गरी कर्जा लिएको मूल रकमबाट निजले के कति रकम प्राप्त गरेको भन्ने यकीन अङ्क किटान गरी अभियोगपत्र दायर भएको छैन र अन्य प्रमाणबाट पनि अङ्क यकीन हुने गरी खुल्न आएको पाइदैन । यस्तो अवस्थामा प्रस्तुत विवादमा यी प्रतिवादी ज्ञानेन्द्र बिष्टको हकमा बिगो खुलेको मान्न सकिने अवस्था देखिएन । तसर्थ बिगो कायम नभएको स्थिति समेतलाई आधार मानी निज प्रतिवादी ज्ञानेन्द्र बिष्टलाई ठगीतर्फ ठगीको ४ नं. बमोजिम ६ महिना कैद र ५,०००।- रूपैयाँ जरीवाना हुने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल जेठ २३ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको रिट नं. ०६६-WO-००५१, उत्प्रेषणयुक्त परमादेश, *उषादेवी मण्डल वि. राजेश्वर निधि उच्चमाध्यमिक विद्यालय व्यवस्थापन समिति समेत*

राजेश्वर निधि उच्च मा.वि. को विद्यालय व्यवस्थापन समितिको पदाधिकारीको २०६५।६।१० मा भएको शपथ ग्रहण कार्य तथा सो समिति सहितको अभिभावकको भेलाबाट मिति २०६५।६।१३ मा भएको निर्णय कार्यान्वयन भई सकेपछि सो निर्णय बदरको लागि निवेदिकाले मिति २०६६।४।१५ मा आएर प्रस्तुत रिट निवेदन दिएको देखियो । उक्त काम कारवाही बारे समितिको सदस्य रहेकी निवेदिकाले यति लामो अवधिसम्म चुप लागेर बस्नु र अहिले आएर २०६५।१०।१३ को काम कारवाही अवैध छ भन्नुको कुनै औचित्य, तर्क र कानूनी आधार नदेखिने ।

इजलास अधिकृत : कमलराज बिष्ट

इति संवत् २०६६ साल फागुन १९ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको रिट नं. ०३८१४, उत्प्रेषणयुक्त परमादेश, *शिबमाई तिमिल्सिना वि. पुनरावेदन अदालत पाटन समेत*

पुनरावेदन अदालत पाटनको फैसलाअनुसार माग भएको धरौटबापत जेथा जमानत लेखाई दिएकोमा माग भएको धरौटी रकमले खामेसम्मको जग्गा जफत गर्नु भन्ने उल्लेख भएकोमा चोरी मुद्दाको प्रतिवादीबाट माग भएको ७५,०००।- धरौटबापत जेथाजमानीमा राखिएको जग्गाबाट उक्त जमानतको रकम रू. ७५,०००।- असूल गर्ने सिलसिलामा सो जग्गा जफत गर्न लिलामी कारवाही प्रारम्भ भएमा लिलाम हुनुपूर्व निवेदकले उक्त रू. ७५,०००।- दाखिल गर्न ल्याए सो दाखिल गराई जेथा जमानतबापत लेखाई दिएको जग्गा फुकुवा हुनसक्ने नै हुँदा निवेदकको निवेदन मागबमोजिम रिट जारी हुनसक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६६ साल फागुन १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको रिट नं. ०६५-WO-०३३७, परमादेश समेत, *लिली थापा समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

राज्यको स्रोत साधनले भ्याएसम्म एकल महिला (विधवा) को आयस्रोत, रोजगारी, निजको श्रीसम्पत्ति, पतिको पेन्सन वा आफ्नो पेन्सन आदि विविध पक्षलाई विचार गरी एक निश्चित मापदण्ड निर्धारण गरी ६० वर्षभन्दा कम उमेरका एकल महिला (विधवा) लाई पनि सामाजिक सुरक्षाअन्तर्गत दिइने भत्ता उपलब्ध गराउनेतर्फ ध्यानाकर्षण गराउने गरी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । साथै यस्ता एकल महिला (विधवा) को वास्तविक तथ्याङ्क संकलन गरी उनीहरूको उमेर, जनसंख्या,

आर्थिक, सामाजिक एवं शैक्षिक अवस्था र वास्तविक तथ्याङ्कको यकीन गर्दै उनीहरूको उत्थान र विकासका लागि आवश्यक कार्यक्रम र नीति बनाउन सहजता प्रदान गर्ने उद्देश्यले आउने राष्ट्रिय जनगणनामा उपरोक्तबमोजिमको तथ्याङ्क समेत संकलन गर्नू गराउनू भनी राष्ट्रिय योजना आयोग तथा केन्द्रीय तथ्याङ्क विभागको नाउँमा समेत निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतःकृष्णप्रसाद सुबेदी

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६६ साल फागुन २६ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६६ सालको रिट नं. ०६६-WO-०५६७, उत्प्रेषण परमादेश, *रोहितकुमार गिरी वि. शिक्षा मन्त्रालय समेत*

निवेदक बझाङ्ग जिल्लाको स्थायी बासिन्दा भएको, निवेदकले बाजुरा जिल्लाबाट नेपाली नागरिकताको प्रमाणपत्र लिए तापनि सो प्रमाणपत्रमा बझाङ्ग जिल्लाको स्थायी बासिन्दा भनी लेखिएको, छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ को नियम १०क को उपनियम (१) को खण्ड (च) को स्पष्टीकरणको महलको पिछडिएको दुर्गम क्षेत्रभित्र बाजुरा जिल्ला समेत रहे भएको तथा मिति २०६६।९।२० मा शिक्षा मन्त्रालयबाट प्रकाशित सूचनाको पिछडिएको दुर्गम क्षेत्रको महलमा उल्लिखित योग्यताक्रमको सूचीमा उल्लेख गरिएको अङ्कभन्दा निवेदकले बढी नै अङ्क प्राप्त गरेको आधार एवं कारणबाट निवेदन मागबमोजिम निवेदकलाई पिछडिएको दुर्गम क्षेत्रको लागि आरक्षित समूहमा समावेश नगर्ने भनी शिक्षा मन्त्रालयबाट दैनिक गोरखापत्रमा प्रकाशित मिति २०६६।९।१७ को सूचना लगायत यस सम्बन्धमा भए गरेको सो मन्त्रालयको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकलाई शिक्षा मन्त्रालयबाट मिति २०६६।९।२० मा गोरखापत्रमा प्रकाशित सूचनाको पिछडिएको दुर्गम क्षेत्रको महलमा निजको योग्यताक्रम, रोलनम्बर एवं प्राप्ताङ्क समेत समावेश गर्नु भनी शिक्षा मन्त्रालय समेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल माघ २० गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको दे.पु.नं. ९४६१, अंश, *हिमानन्द बस्ताकोटी वि. लक्ष्मीकुमारी बस्ताकोटी*

अंशबण्डाको महलको ११ नं. को उद्देश्य पनि मुद्दा पर्दाको अवस्थामा अर्थात् फिराद पर्दाका बखत कायम रहेका अंशियारहरूको हकमासम्म अंशियारमध्येबाट अंशियार घटबढ हुनसक्ने भन्ने देखिएको हुँदा मानो छुट्टिएको मिति कायम गरिएपश्चात् विवाह गरेका पत्नी तथा सोबाट जन्मेका सन्तान सगोलकै कायम रहेको हुन्छ, भनी व्याख्या गर्नु तर्कसंगत एवं कानूनसम्मत हुने नदेखिँदा फिराद दायरपश्चात् अर्थात् मानो छुट्टिएको मितिपछि विवाह गरी ल्याएको श्रीमती र निजका तर्फबाट जन्मेको छोरालाई पनि सगोलको अंशियार मानी अंशियार कायम गरिनुपर्छ भन्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको दे.पु.नं. ९४५९, ९४६०, हालैको बकसपत्र बदर, *हिमानन्द बस्ताकोटी वि. लक्ष्मीकुमारी बस्ताकोटी, श्यामानन्द बस्ताकोटी वि.लक्ष्मीकुमारी बस्ताकोटी*

दान बकसको १ नं. अनुसार हक पुग्ने सम्पत्ति मात्र दान बकस गरिदिन पाउनेमा दावीको जग्गा पैतृक सम्पत्तिको रूपमा रहेको, सो सम्पत्ति हालैको बकसपत्र गरिदिँदा हक पुग्ने सगोलकी अंशियार तथा नाबालक छोरा बीरेन्द्रको संरक्षक समेत रहेकी वादी लक्ष्मीकुमारी बस्ताकोटीको मञ्जूरी लिई वा साक्षी राखी मिति २०६५।९।१८ को हालैको बकसपत्र लिखत पारित भएको नदेखिएको

आधार एवं कारणबाट शुरू कास्की जिल्ला अदालतले पाँच भागको हकभाग लिखत बदर हुने ठहर गरेको फैसला केही उल्टी गरी वादीहरूको हकमा सम्म मिति २०५६।९।१८ मा पारित भएको र.नं. ४०७१ को लिखतको चार भागको दुई भाग लिखत बदर हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल पुस २७ गते रोज १ शुभम् ।

७

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०१६४, उत्प्रेषण, *बिराट थापा वि. पुनरावेदन अदालत बिराटनगर समेत*

शुरू जिल्ला अदालतबाट कानूनको उचित प्रक्रिया अवलम्बन गरी भएको निर्णयउपर चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्ने म्याद प्राप्त गरेपछि पुनरावेदन नगरेमा उक्त निर्णय अन्तिम भई मुद्दाका सम्बन्धित पक्षहरूको हकमा बाध्यात्मक रूपले लागू हुन्छ र त्यस्तो निर्णयलाई अन्य तरिकाबाट बदर गर्न सकिँदैन भन्ने अन्तिमताको सिद्धान्त (Doctrine of Finality) प्रस्तुत मुद्दामा समेत आकर्षित हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल जेठ १४ गते रोज ६ शुभम् ।

यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको रिट नं. ०१६३, उत्प्रेषण, *कमलप्रसाद जोशी वि. पुनरावेदन अदालत, बिराटनगर समेत*
- २०६२ सालको रिट नं. ३२५१, उत्प्रेषण, *राजेन्द्रनाथ अधिकारी वि. पुनरावेदन अदालत, बिराटनगर समेत*

**इजलास नं. २**

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३-CI-००६२, निर्णय दर्ता बदर, *रामकृष्ण कारञ्जित वि. जयप्रकाश रञ्जित*

मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम मालपोत कार्यालयले ऐनको दफा ७, ८, ८ख, २८, २९ र ३० बमोजिम गरेको निर्णयउपर मात्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सकिने देखिन्छ । प्रस्तुत मुद्दामा मिति २०६१।३।२८ मा मालपोत कार्यालयले जग्गा दर्ता हुने वा नहुने भन्ने सम्बन्धमा कुनै निर्णय गरेको नदेखिई सो मितिमा जग्गा दर्ता समितिको छलफलको लागि पेश गर्नु भन्ने सम्मको आदेश गरेको देखिन्छ । यस्ता आन्तरिक प्रकृतिका आदेशउपर पुनरावेदन लाग्नसक्ने कानूनी क्षेत्राधिकार वा त्यस्ता आदेशउपर पुनरावेदन अदालतको क्षेत्राधिकार क्रियाशील हुने कानूनी व्यवस्था ऐनमा रहे भएको नपाइने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६७ सालको नि.नं. ०००४, बन्दीप्रत्यक्षीकरण, *विश्वनाथ राय सिह क्षेत्री वि. राष्ट्रिय दलित आयोग, बानेश्वर समेत*

विवाह सम्बन्धमा नेपालका व्याप्त प्रचलनमा रहेकी महिलामा Reciprocal Right नभएको पुरूषले मात्र महिलालाई एकतर्फी हेर्ने र महिलाको तर्फबाट महिलाको अभिभावक बाबु आमाले महिलाको मञ्जूरी नलिई महिलाको विवाह गरिदिने Custom, Practice र Tradition ले CEDAW को धारा १६(१) (a)(b) र ICESCR को धारा १०(१) ले महिलालाई दिएको जीवनसाथी रोज्न पाउने हक हनन् गरेको हुँदा CEDAW को धारा १६(१)(a) र (b) तथा ICESCR को धारा १०(१) को प्रयोजनको लागि देहायबमोजिम गर्नु भनी नेपाल सरकारकार नाममा यो निर्देशनात्मक आदेश जारी हुने:

(क) महिलालाई वस्तु सरह हेर्ने प्रथालाई उन्मूलन गर्नू,

(ख) महिलामा Reciprocal Right नभएको विवाहको लागि महिलालाई मात्र एकतर्फी रूपले देखाउने र पुरूषले मात्र वस्तु (Commodity) सरह हेर्ने तथा पुरूषले मन पराएमा केटीले मन नपराए पनि बाबु आमाले नै केटीको तर्फबाट मञ्जूरी दिई विवाह गरी दिने प्रचलन उन्मूलन गर्न आवश्यक कानून बनाउनू,

(ग) यसको उद्देश्य प्राप्तिको लागि CEDAW को धारा १६(१) (a )(b) र ICESCR को धारा १०(१) को प्रावधानलाई विद्यार्थीको पाठ्यक्रममा समावेश गर्नु,

(घ) विवाहको लागि महिलालाई पुरूषतर्फबाट हेर्ने चलनले महिलाको जीवनसाथी रोज्ने हक हनन् गर्छ भन्ने बोध गराउन Media लगायतबाट महिलालाई र महिलाको बाबु आमा अभिभावकमा चेतना जगाउन कार्यक्रम सञ्चालन गर्नू, गराउनू ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल साउन २३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको रिट नं. ०८१०, उत्प्रेषणयुक्त परमादेश, *फणिन्द्रराज खरेल वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधनबाट संशोधित बढुवासम्बन्धी शर्तहरू ऐन संशोधन भएको १ वर्ष पुगेपछि स्वतः Activate हुने भएको अवस्थामा पुरानो कानूनअनुसार बढुवा गरेको तथा प्रश्नहरूमा विभिन्न प्रकरणहरूमा वर्णित तथ्यहरूबाट विपक्षी बढुवा समितिको मिति २०६५।१२।७ र २०६५।१२।९ को निर्णय तथा सो निर्णयबमोजिम विपक्षीहरूलाई दिइएको बढुवा नियुक्ति समेत उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब उक्त बढुवामा नि.से.ऐन, २०४९ को दोस्रो संशोधित व्यवस्थाबमोजिम कार्यक्षमताको बढुवा सम्बन्धमा गरेको व्यवस्थाअनुसार पछिल्लो पाँच वर्षको का.स.मू. को अङ्क गणना गरी ऐ. ऐनको दफा २४(२) बमोजिम बढुवामा विभिन्न आधारबापत अङ्क प्रदान गर्नु भनी विपक्षी लोकसेवा आयोग केन्द्रीय कार्यालयको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल साउन २० गते रोज ५ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०६३ सालको रिट निवेदन नं. ०१५८, उत्प्रेषण समेत, *राधिकादेवी बस्याल वि. लोकसेवा आयोग समेत*

निजामती सेवा ऐन, २०४९ को दफा २क(२) लाई हेर्दा निजामती सेवासम्बन्धी ऐन र नियममा उल्लेख भएदेखि बाहेकको निजामती प्रशासनसम्बन्धी काम गर्न सममान्य प्रशासन मन्त्रालयको नीतिगत स्वीकृति आवश्यक पर्ने भनी त्यसमा उल्लेखन भएका अवस्थामा यस्तो कानूनी व्यवस्थाअनुरूप नै सामान्य प्रशासन मन्त्रालयले अस्पष्ट रहेको बढुवाको उम्मेदवारको सम्बन्धमा मिति २०६३।३।२५ मा प्रष्ट गरेको निर्णयलाई कानूनबमोजिम नभएको भनी भन्न मिल्ने अवस्था देखिँदैन । यस आधारमा उल्लिखित निर्णयले निवेदकलाई बढुवा हुने अवसरबाट बञ्चित गरेको भन्न नमिल्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६६ साल असोज २० गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** फौ.पु.नं. CR-०६४७, कर्तव्य ज्यान, *सुनीता तामाङ्ग कार्की वि. नेपाल सरकार*

मृतकले सदा झैं प्रतिवादीलाई यातना दिएको र दुर्व्यवहार गरेको अवस्थामा प्रतिवादीले प्रहार गरेको भन्ने देखिँदा नयाँ कुरामा तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादी उत्तेजित हुन पुगी प्रहार गरेको भन्न मिल्ने अवस्था देखिँदैन । ट्रेक्टरको हाइड्रोलिक उठाउने फलामे पाता र खुर्पा

समेतले प्रतिवादीले मृतकलाई टाउको र घाँटीमा पटक-पटक प्रहार गरेको भन्ने मिसिलबाट देखिँदा यस्तो जोखिमी हतियार समेतले टाउको जस्तो संवेदनशील अंगमा पटक-पटक प्रहार गरेको अवस्थामा ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुन सक्ने अवस्था नरहने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटरः बेदनां+ निर्मला
इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०३७३, हक कायम दर्ता बदर दर्ता, *अनादिचन्द्र देव वि. छोवीदेवी समेत*

२०२६ सालमा भएको नापीमा विवादित जग्गा समेत कि.नं. १३ जनिई सो जग्गाको जग्गाधनी र जोताहाको महलमा कोही कसैले जोतभोग गरेको भन्ने उल्लेख नभै पर्ति जनिएको जग्गाको कैफियत महलमा "आवादलायक" भन्ने सम्म उल्लेख भएको देखिन्छ । वादीको दाताको भन्ने देखिँदैन । तत्कालीन अवस्थामा भएको नापीउपर विवादित जग्गाका साविक जग्गाधनी वादीका दाता सत्यनारायणको उजूर परेको पनि देखिँदैन । सुकुम्बासी समस्या समाधान आयोग जिल्ला कार्य समिति लाहानले कि.नं. ८६७ कसैको नाउँमा दर्ता भएको नदेखिएकै आधारबाट प्रत्यर्थी छोबीदेवीका नाउँमा वितरण गरिदिएको देखिन्छ र यस्तो कार्यलाई बेमनासिब भन्न मिल्ने नदेखिएबाट प्रत्यर्थी छोबीदेवीले प्राप्त गरेको जग्गा पुनरावेदक वादीको गाउँ ब्लकभित्रको जग्गा नै हो भन्न नमिल्ने ।

इजलास अधिकृत : खड्ग अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६६ साल चैत ३० गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६४ सालको दे.पु.नं. ०३७४, घर उठाई जग्गा खिचोला चलन, *अनादिचन्द्र देव वि. छोबीदेवी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री रणबहादुर बम,** २०५९ सालको दे.पु.नं. ८७८२, खिचोला मेटाई पाऊँ, *पुतली महर्जन, समेत वि. तेजलक्ष्मी शाक्य*

सर्भे नक्साभन्दा प्रतिवादी समेतले १'७" जग्गा भोग गरेको देखिँदा सो कम भएको १'६" चौडाइको जग्गा विवादको नं.नं. ११ को ६' फीट कम जग्गामध्येबाट प्रतिवादीको कि.नं. ११७ मा पर्ने देखियो । विवादको न.नं. ११ को ६' मध्येबाट पूर्वतर्फको उत्तर-दक्षिण लम्बाई ४'६" जग्गा वादीको कि.नं. ११६ मा पर्ने देखियो । उक्त गणनाबाट विवादित न.नं. ११ को पश्चिमतर्फ उत्तर-दक्षिण लम्बाई ३' र पूर्वतर्फ उत्तर दक्षिण लम्बाई ४'६" मा मात्र प्रतिवादीले खिचोला गरेको देखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल बेशाख १४ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** दे.पु.नं. ०६३-CI-०६७८, बाँकी रहेको रकम भुक्तानी गर्न लगाई पाऊँ, *रोहितप्रसाद श्रेष्ठ वि. गौरीशंकर शाह*

वादी प्रतिवादीबीचको प्रस्तुत कारोवार मूलतः व्यापारिक कारोवार रहेको देखिन्छ । रूपैयाँ लिनुदिनु गरी घरायसी प्रयोजनका लागि गरिने परम्परागत प्रकृतिका लेनदेन कारोवारमा ब्याज लिने दिने प्रचलन सामान्यतया रहेको हुन्छ । औद्योगिक एवं व्यापारिक प्रयोजनले उत्पादित वस्तु बिक्री गरेको जस्तो कारोवारमा बिक्रीका लागि बिक्रेताले निर्धारण गरेको दररेट वा मोलमा नै मुनाफाको अंश समावेश हुने हुँदा छुट्टै अतिरिक्त मुनाफा अर्थात् ब्याज समेत हासिल गर्ने भन्ने कुरा लिखतमा नै स्पष्ट रूपमा किटान गरी लिखत भएको अवस्थामा बाहेक सामान्यतया रहँदैन । प्रस्तुत विवादमा त्यसरी कुनै शर्त किटान गरी लिखत भएको नदेखिँदा व्यापारिक कारोवारका सिलसिलामा भएको वादी प्रतिवादीबीचको

कारोवारमा ब्याज समेत लिनेदिने शर्त सन्निहित छ भनी अर्थ गर्न नमिल्ने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल बैशाख १२ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६१ सालको दे.पु.नं. ८९४६, ८९४७, निर्णय बदर दर्ता, *नारायणकाजी प्रधान समेत वि.रूद्रबहादुर खत्री समेत, कृष्णममाया प्रधान समेत वि. .रूद्रबहादुर खत्री समेत*

तथ्य र प्रमाणको विवेचनाबाट विवादित जग्गाहरूको हकभोग र स्वामित्व वादीहरूको दावी गरेजस्तो निज वादीहरूसँग रहेको नदेखिई प्रतिवादीहरूसँग नै उक्त विवादित जग्गाको हक स्वामित्व रहेको देखिँदा पुनरावेदन अदालतको फैसलासँग असहमत हुनुपर्ने देखिँदैन । कि.नं. ८८१ को जग्गाको हकमा प्रतिवादीहरू स्वयंले आफ्नो प्रतिउत्तरपत्रमा समेत सो जग्गा आफ्नो नभई नापीको अस्थायी दर्ता गर्ने निर्णय गलत भएको भनी उल्लेख गरेको व्यहोरा समेतबाट कि.नं.८८१ को जग्गाका सम्बन्धमा सबूद प्रमाणको मूल्याङ्कनअनुसार दर्तासम्बन्धी कारवाही वादीले चलाउन बाँकी नै रहेको देखिनाले सो सम्बन्धमा सम्म नापी गोश्वाराबाट भएको निर्णय बदर हुने ठहऱ्याई भएको जिल्ला अदालतको फैसला केही उल्टी गरेको पुनरावेदन अदालतको निर्णय मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६६ साल कात्तिक २४ गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं.९८००, दर्ता बदर समेत, *विद्यालक्ष्मी बनेपाली समेत वि.तुलसी बनेपाली समेत*

विवादित जग्गा वादीको साविक लगतको जग्गा नदेखिएको र अबण्डा जग्गा भन्ने वादीको दावी समेत बण्डापत्र पेश नभएको अवस्थामा पुग्न सक्ने नदेखिएको स्थितिमा नालिस गर्न जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं. को हदम्याद नै आकर्षित हुने देखिन्छ । सोअनुसार प्रस्तुत दावीको कि.नं. ६५ को जग्गाको सम्बन्धमा मिति २०५६।१०।७ मा भक्तपुर जिल्ला अदालतमा पुरक निवेदन दिँदाको अवस्थामा नै वादीहरूलाई थाहा भएको देखिएको अवस्थामा वादीहरूले मिति २०५७।९।२४ मा दायर गरेको प्रस्तुत फिराद जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं. को हदम्यादभित्र भएको समेत देखिन नआउने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल बैशाख १३ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ९६९३, अबण्डा सम्पत्ति बण्डा गरिपाऊँ, *भद्रकाली बुढाक्षेत्री वि. रबीशंकर बुढाक्षेत्री*

प्रतिवादी भद्रकाली बुढाक्षेत्रीका नाउँमा रहेको जग्गा निजका पति देबबहादुर र अन्य अंशियार समेतका बीच मिति २०५३।४।३ को पारित बण्डापत्रभन्दा अगावै राजीनामाबाट प्राप्त भएको देखियो । उक्त बण्डापत्र हुनु अघि प्रस्तुत मुद्दाका वादी प्रतिवादी एकासगोलकै रहेको भन्ने तथ्य उक्त पारित बण्डापत्रले पुष्टि गरेकै देखिन्छ । पुनरावेदक प्रतिवादीमध्येको भद्रकाली बुढा क्षेत्रीका नाउँमा रहेको विवादित कि.नं. ५३१ र कि.नं. २२० को जग्गा निजी आर्जनको भन्ने जिकीर भएतापनि सो जिकीर पुष्टि हुने सबूद प्रमाण पेश दाखेल हुन सकेको पाइँदैन । पुनरावेदक प्रतिवादीले वन पैदावार विकास समितिअन्तर्गत टि.सि.एन. शाखा धनगढीमा कार्यरत् रहेको भन्ने आधारमा मात्र विवादको जग्गा सो नोकरीको कमाइबाट खरीद गरेको भन्न सकिने अवस्था नहुँदा प्रमाण ऐन, २०३१ को दफा ६ मा सगोलका अंशियारहरूमा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएमा सगोलकै मान्नुपर्ने ।
इजलास अधिकृत : खड्ग अधिकारी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल चैत ९ गते रोज १ शुभम् ।

९

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६३-CR-०५७६, जीउ मास्ने बेच्ने, *मैती तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले पीडित जाहेरवालीलाई विदेश भारतमा बेचबिखन गर्न लगेको भन्ने तथ्य मिसिलबाट स्थापित भएको देखिएको छैन । पीडितलाई भारतको पुना स्थित बेश्यालयमा बिक्री गरिएपछि मात्र जाहेरवालीलाई कुटपीट गरी जबर्जस्ती बेश्यावृत्तिका कार्यमा लगाउने सन्दर्भमा यी प्रतिवादीको संलग्नता भएको देखिन आउँछ । अभियोजन पक्षले पनि प्रतिवादीले पीडितलाई भारतमा बेचबिखन गर्न लगेको भन्न सकेको देखिएको छैन । यस स्थितिमा यी प्रतिवादीले भारतस्थित बेश्यालयमा जाहेरवालीलाई बेश्यावृत्तिको कार्य गर्न लगाएको भन्ने सम्म देखिन आएको हुँदा सोहीबमोजिम कसूर कायम हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल चैत २५ गते रोज ४ शुभम् ।

- यसमा यस्तै प्रकृतिको पुनरावेदन नं. २०६३-CR-०५७७, जीउ मास्ने बेच्ने, *मैती तामाङ वि. नेपाल सरकार* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** फौ.पु.न. ०६४-CR-००५७, कर्तव्य ज्यान, *सुवास राई समेत वि. नेपाल सरकार*

प्रहरी हिरासतमा हुँदाको अवस्थामा प्रतिवादीसँग लिइएको बयानलाई अन्य समर्थित प्रमाणको अभावमा शङ्काकै घेरामा राखेर हेरिने र शङ्काको लाभ प्रतिवादीमा जाने हुन्छ । कसैको अकाल मृत्यु हुनु दुःखद कुरा हो । तर, मृत्युको कारण यकीन हुन नसकेको अवस्थामा कसैउपर हत्याको आरोप लगाउनु मात्रले फौजदारी न्यायको उद्देश्य पूरा हुन सक्दैन । फौजदारी न्यायको उद्देश्य दोषीलाई दण्ड सजाय दिनुमा मात्र सीमित नरही निर्दोषको रक्षा गर्नेतर्फ पनि परिलक्षित हुन्छ । अभियोग लगाइएको व्यक्तिउपर अभियोग पुष्टि गर्ने शङ्कारहित स्वतन्त्र प्रमाण नभएसम्म अनुमान, विश्वास र शङ्का जस्ता कुराहरूको आधारमा कसैलाई सजाय गरी निजको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्नुले फौजदारी न्याय प्रणाली फितलो हुनुको साथै प्रभावहीन समेत हुनजाने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल चैत २५ गते रोज ४ शुभम् ।

११

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ९४२५, ९४२६, अंश चलन, *मानबहादुर इजम समेत वि. केदारमान इजम समेत, केदारमान इजम समेत वि. मानबहादुर इजम समेत*

प्रतिवादी मानबहादुर इजमले पनि जागीरको पेन्सन समेतका अन्य रकमबाट विवादित जग्गाहरू खरीद गरेको भन्ने जिकीर लिई गोर्खा सोल्जरको पेन्सनपट्टाको छाँयाप्रति समेत पेश गरेको देखिन्छ । इटहरीको कि.नं. १२६० को जग्गा मात्रै लिइएको र पछिबाट घर बनेको छ । तीनतल्ले घर बनी बस्नलायक हुन समय लाग्दछ । २०४७।३।२८ मा धनप्रसाद सेवा निवृत्त भइसकेको पाइन्छ । समयतत्व, परिस्थिति र व्यवहारले पनि सम्पत्तिको स्वरूप देखाउँछन् । तसर्थ स्व. धनप्रसादले निजी रूपमा घर बनाएको भन्ने देखिने सबूद प्रमाणको अभाव रहनुको अतिरिक्त सो घरमा निजी भनी दावी लिने व्यक्ति नबसी अन्य अंशियार वादी प्रतिवादीहरू बसोबास गर्नुले उक्त कि.नं. १२६० को जग्गा र त्यसमा बनेको घर निजी आर्जनको भन्ने अवस्था नआउने ।

घर निर्माण गर्दा रकमका अतिरिक्त रेखदेख बन्दोबस्त तथा निर्माण प्रबन्धमा लाग्ने समय र श्रमको पनि आर्थिक मूल्य हुन्छ । जग्गा खरीद गरिए जस्तो सहज यो हुँदैन । यस्ता परोक्ष रूपमा मूल्य र महत्व राख्ने तत्वहरूलाई पनि न्यायिक विवेचना गर्दा समुचित प्रमाणिक मूल्य दिइनु पर्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम् ।

१२

**मा.न्या श्री तपबहादुर मगर र मा.न्या श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६६-०४४०, उत्प्रेषण परमादेश, *महालक्ष्मी गिरी वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रारम्भमै तयार गरिसक्नुपर्ने पूर्वाधार तयार नगर्नेको खानी सञ्चालन इजाजतपत्र नवीकरण नगर्ने प्रत्यर्थी जिल्ला विकास समितिको कार्यप्रति आपत्ति जनाउँदै तत्कालै रिट निवेदनबाट कुनै उपचारको मार्ग अवलम्बन गर्न नसकी वर्षौ वर्षसम्म प्रत्यर्थी जिल्ला विकास समितिले इजाजतपत्र नवीकरण नगरिदिएको कार्यलाई मौनतापूर्वक स्वीकार गरी आएको अवस्था रिट निवेदकले खानी सञ्चालन गर्ने इजाजतपत्र २०६३।०६४ सालसम्म नवीकरण नभएका आधारमा अधिकार प्राप्त निकाय जिल्ला विकास समितिबाट खानी तथा खनिज पदार्थ सञ्चालन नियमावली, २०५६ को नियम ४३(ग) का आधारमा रद्द गरेकोलाई अन्यथा, गैरकानूनी भन्न नमिल्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल जेठ ३० गते रोज २ शुभम् ।

१३

**मा.न्या श्री तपबहादुर मगर र मा.न्या श्री भरतराज उप्रेती,** २०६६ सालको विविध MS-००१५, बन्दीप्रत्यक्षीकरण, *सबिता के.सी. रायमाझी वि. रामबहादुर रायमाझी समेत*

नाबालिका प्रार्थना १० महिनाको रहेको भन्ने अवस्था देखिएको र आमा सबिता रायमाझीले आफूले पाल्न इन्कार नगरी पाल्न चाहेको स्थिति समेत देखिएको यस्तो परिप्रेक्ष्यमा उपरोक्त मुलुकी ऐनको लोग्ने स्वास्नीको महलको ३ नं. को व्यवस्था र नाबालिकाको उमेर र उसले पाउनु पर्ने मातृवात्सल्य एवं आमाको काख र अमृतमय स्तनपान समेतलाई दृष्टिगत गर्दा नाबालिकालाई सँग साथ राख्न पाउने कानूनी हक आमा मै निहीत रहेको देखिने ।

नाबालिका बच्चीलाई आमासँग रहन नदिई बाबुको घरमा सीमित गरी राखेको कार्यबाट नाबालक बच्चाको कानूनले प्रदान गरेको जन्मसिद्ध मातृबात्सल्य एवं स्तनपानलगायत सबै प्रकारको हक गैरकानूनी तरिकाले अपहरण हुनुको अतिरिक्त आफ्नो आमाको संरक्षकत्वबाट पालन पोषण हुन पाउने हकबाट समेत बञ्चित हुन गएको देखिएको स्पष्ट छ । बालिकालाई रिट निवेदिकासँग भेटघाट गर्न नदिई घरमा राखेबाट पनि यी नाबालिका आमा सबिताको संरक्षकत्वमा रही पालनपोषण शिक्षा दीक्षा गर्न पाउने कानूनी हकबाट गैरकानूनी रूपबाट बञ्चित हुनु परेको देखिन आएको हुँदा आमाको मञ्जूरीबिना विपक्षीले बलजफ्ती राखेको कार्यबाट बच्चीको स्वतन्त्रतालगायत सम्पूर्ण हक अपहरण भएको देखिने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल जेठ ३ गते रोज २ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गौरी ढकाल,** २०६५ सालको रिट नं. ०६५-WO-०३२५, उत्प्रेषण परमादेश, *सेमन्तराज चापागाई वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

प्रचलित ऐन, यस अदालतबाट प्रतिपादित नजीरका साथै प्राकृतिक न्यायको सिद्धान्त समेतका आधारबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकलाई २ वर्षसम्म नेपाल सरकारबाट नियुक्त हुने सार्वजनिक जवाफदेहीको पदमा नियुक्त नगर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने मिति २०६५।७।२८ को निर्णय त्रुटिपूर्ण भई कायम रहन नसक्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६५ साल फागुन १९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,**२०६३-WO-०५५९, परमादेश,

*लक्ष्मी पौड्याल वि. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, राजबिराज समेत*

निवेदकले आफूउपर भएको कारवाही र सजायको सम्बन्धमा पुनरावेदन सुन्ने निकायमा दिएको पुनरावेदनमा विपक्षी खानेपानी तथा ढल निकास विभागले सम्बन्धित फायल अध्ययन गरी सम्बन्धित ऐन कानून समेतको आधारमा विपक्षी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय राजबिराजले गरेको निर्णय सदर बदर के हुने हो सो सम्बन्धमा समयमै निर्णय गर्नुपर्नेमा विपक्षी विभागले सोबमोजिम कारवाही निर्णय नगरी प्राकृतिक न्यायको सिद्धान्त र न्यायिक मान्यताविपरीत हुने गरी निवेदकले आफूकहाँ दर्ता गराएको पुनरावेदनमा कुनै निर्णय गरेको नदेखिँदा उक्त पुनरावेदनको टुङ्गो चाँडै लगाई दिनू भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

इति संवत् २०६७ बैशाख १२ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०५४-CI-६४८, परमादेश, *रमेशप्रसाद चापागाई वि. मालपोत कार्यालय, चाबहिल*

पुनरावेदकले दावी गरेका काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ७(ख) कि.नं. १८७ को क्षेत्रफल ३-०-० जग्गा मिति २०४४।८।२७ मा दर्ता प्रमाणित भै नेपाल सरकारको नाउँमा कायम भैसकेको भन्ने मालपोत कार्यालय चाबहिलको लिखित जवाफबाट देखिन आयो । उक्त कुरालाई यी पुनरावेदकले अन्यथा भन्न सकेको देखिँदैन । नेपाल सरकारको नाउँमा दर्ता भएको पर्ति जग्गाको सो दर्ता बदर नभएको अवस्थामा पुनरावेदन अदालतले परमादेशको आदेशद्वारा एकाको नाउँमा भएको दर्ता बदर गरी पुनरावेदकको मागअनुसार उक्त जग्गा निजका नाउँमा दर्ता हुने निर्णय गरी जग्गाधनी प्रमाण पूर्जा दिनु भन्ने समेतको परमादेश जारी गर्न कानूनतः नमिल्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४-CI-६४७, परमादेश, *रमेशप्रसाद चापागाई वि. मालपोत कार्यालय, चाबहिल*

अधिकार प्राप्त निकाय मालपोत कार्यालयले विवादित जग्गा पशुपति क्षेत्र विकास कोषको नाउँमा दर्ता गरेकोमा सो दर्ता बदर नभएको अवस्थामा पुनरावेदन अदालतले परमादेशको आदेशद्वारा एकाको नाउँमा भएको दर्ता बदर गरी पुनरावेदनको मागअनुसार उक्त जग्गा निजका नाउँमा दर्ता गरी जग्गाधनी प्रमाणपूर्जा दिनु भन्ने समेत परमादेश जारी गर्न कानूनतः नमिल्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६६-CI-०२२५, निषेधाज्ञा, *बीरेन्द्रप्रसाद गुप्ता वि. जिल्ला प्रशासन कार्यालय, नेपालगञ्ज*

नागरिकतासम्बन्धी ऐन, २०६३ बमोजिम झूट्ठा विवरण पेश गरी नागरिकता लिए नलिएको विषयमा छानबीन कारवाही गर्न पाउने अधिकार कानूनले नै जिल्ला प्रशासन कार्यालयको कानूनप्रदत्त अधिकारमा बन्देज हुने गरी छानबीनसम्बन्धी कारवाही प्रक्रियामा अदालतबाट हस्तक्षेप गर्न न्यायोचित हुन सक्दैन । नागरिकता लिएको सम्बन्धमा परेको उजूरीमा कानूनबमोजिमको आधिकारीक निकाय प्रत्यर्थी कार्यालयबाट हुन लागेको छानबीन प्रक्रियाले संवैधानिक एवं कानूनी हकमा असर परेको भनी मान्न नसकिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५-CR-०१७४, वैदेशिक रोजगार, *सुनमाया कुरूङवाङ्ग (राई) वि. नेपाल सरकार*

करकाप मुद्दामा भएको फैसलाबाट विवादित मिति २०६१।२।२० को लिखतको अस्तित्व कायम रहेको, सो लिखत गरेको प्रतिवादीले स्वीकार गरेको सोबमोजिम मानिस वैदेशिक रोजगारमा नपठाएको वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिई सो कार्य गरेको देखिएको अवस्थामा निज प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४(२) को कसूर गरेको देखिएकोले निजलाई सोही ऐनको दफा २४(२) बमोजिम रू.२५,०००।- जरीवाना हुने र बिगो रू.४,८०,०००।- र सो को ५० प्रतिशतले हुने रू.२,४०,०००।- हर्जाना समेत जम्मा रू.७,२०,०००।- प्रतिवादी सुनमाया कुरूवाङबाट जाहेरवालालाई भराई दिई प्रतिवादीले देवानी दायित्वसम्म व्यहोर्नु पर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६७ बैशाख १६ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५-CR-०१७५, करकाप, *सुनमाया कुरूङवाङ्ग (राई) वि. जगन्नाथ रेग्मी समेत*

कुनै लिखतमा करकापसँग सही गराएको स्थापित गर्न वादीले प्रतिकार गरेको, सही गरेपछि तत्कालै छरछिमेक, इष्टमित्र र प्रहरी कारवाही समेतका माध्यम अपनाएको प्रमाणबाट पुष्टि हुनुपर्छ । साक्षी राखी सहज रूपमा खडा भएको कागजलाई वादी दावी मात्रका आधारमा करकाप मान्नु न्यायोचित नहुने ।

लिखित करकापबाट गराएको भनी लिएको दावीलाई स्पष्ट आधार र प्रमाणबाट पुष्टि गर्न नसकेको, लिखतमा भएको सहीछापलाई वादीले स्वीकार गरेको लिखतमा स्वाभाविक रूपमा सहीछाप भएको देखिएको, श्रीमान् श्रीमतीबीचको सम्बन्ध राम्रो देखिएकोबाट प्रतिवादीमध्येका जगन्नाथ रेग्मीलाई जर्मन पठाउन भनी रकम लिई लिखत गरी दिई नपठाएकोले उजूरी परेको देखिएको समेतका आधार प्रमाणबाट विवादित लिखत करकापबाट भए गरेको भन्ने नदेखिएको अवस्थामा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६७ बैशाख १६ गते रोज ५ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** रिट नं. ०६५-WO-०९९३, उत्प्रेषण परमादेश, *हरिप्रसाद न्यौपाने समेत वि.प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निजामती कर्मचारीहरूको सेवा शर्तको सुरक्षासम्बन्धी व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा ५८ ले गरेको देखिन्छ । सो दफा ५८ मा “कुनै पनि निजामती कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधासम्बन्धी सेवाका शर्तहरूमा निजको स्वीकृतिबेगर निजलाई प्रतिकूल असर गर्ने गरी परिवर्तन गरिने छैन” भन्ने व्यवस्था गरेको देखिन्छ । कुनै पनि निजामती कर्मचारी नियुक्ति हुँदा तत्काल कायम रहेको सेवा शर्त र सुविधा सुरक्षणको सुनिश्चितता सो दफाले गरेको देखिन्छ । कुनै निजामती कर्मचारहिरूको उपर्युक्त सेवाका शर्तहरूमा कुनै प्रकारले प्रतिकूल असर पर्ने देखिएमा त्यस्तो संशोधित व्यवस्थाबमोजिम गर्न मञ्जूरी लिनुपर्ने व्यवस्था समेत उक्त ऐनले गरेको देखिन्छ ।

२०५७।४।१ भन्दा अघि नै नियुक्ति पाई हाल बढुवा (तहवृद्धि र स्तरवृद्धि) भएको निवेदक कर्मचारीहरूलाई सेवामा पश्चात्दर्शी किसिमले असर पर्ने गरी अघि नै हासिल भैसकेको लाभ वा सुविधा कटौती गर्दा कर्मचारीहरूलाई असर परेको देखिएको र मिति २०५७।४।१ पूर्व र पश्चात् बढुवा वा स्तरवृद्धि भएका प्राविधिक कर्मचारीहरूको बीचमा द्रष्टव्यले खडा गरेको पृथक-पृथक स्थितिको

विवेकपूर्ण आधार नदेखिएको र २०५७।४।१ अघि नियुक्ति पाई सोपश्चात् बढुवा पाउने कर्मचारीहरूको हकमा मर्का पर्ने गरी भेदभावपूर्ण व्यवहार गरेको देखिन्छ । यस्तो भेदभावपूर्ण निर्णय नेपालको अन्तरिम संविधानले व्यवस्था गरेको धारा १३ को समानताको हक र समानताको सिद्धान्तविपरीत समेत देखिएकोले उत्प्रेषणको आदेशद्वारा द्रष्टव्यले खडा गरेको भेदभावपूर्ण व्यवस्था बदर हुने ।

अतः निवेदकहरूको मागबमोजिम नेपाल सरकारले मिति २०६५।६।१९ को निर्णयअनुसारको तलवमानको अनुसूची २ को द्रष्टव्यबमोजिम प्राविधिक २ ग्रेड नपाउने भन्ने व्यवस्था खारेज भएकोले निवेदक कर्मचारीहरूले खाई पाई आएको विशेष प्राविधिक २ ग्रेड निजहरू कार्यरत् रहेको अवस्थामा र अवकाश पाइसकेको भए सो अवस्थामा पाउने सुविधा समेत नियमानुसार पाउने नै हुँदा निवेदक कर्मचारीहरूले मिति २०५७।४।१ देखि नै खाई पाई आएको प्राविधिक २ ग्रेडको सुविधालाई निरन्तरता दिई नयाँ तलबमान कायम गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल चैत ३ गते रोज ३ शुभम् ।

यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसै अनुसार फैसला भएका छन् :

- रिट नं.०६५-WO-०३६१, उत्प्रेषणयुक्त परमादेश, *राजकुमार मण्डल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०४५५, उत्प्रेषणयुक्त परमादेश, *पशुपति दाहाल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-४८०, उत्प्रेषणयुक्त परमादेश, *एकनाथ आचार्य समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०५८८, उत्प्रेषणयुक्त परमादेश, *पद्मबहादुर अधिकारी समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०६१७, उत्प्रेषणयुक्त परमादेश, *दीपककुमार न्यौपाने समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०६४५, उत्प्रेषणयुक्त परमादेश, *कुमारबहादुर वाग्ले समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०६६२, उत्प्रेषणयुक्त परमादेश, *रामलोचन यादव समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०६६८, उत्प्रेषणयुक्त परमादेश, *बिन्देश्वर सिंह समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०७१२, उत्प्रेषणयुक्त परमादेश, *हरिबहादुर ढकाल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०७२०, उत्प्रेषणयुक्त परमादेश, *भगवान झा समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०७२१, उत्प्रेषणयुक्त परमादेश, *डम्बरनारायण यादव समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०७४१, उत्प्रेषणयुक्त परमादेश, *सूर्यबहादुर पाण्डे समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०७५०, उत्प्रेषणयुक्त परमादेश, *रत्नकुमार साह सुडी समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०७६६, उत्प्रेषणयुक्त परमादेश, *अच्यूत कोइराला समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०७७९, उत्प्रेषणयुक्त परमादेश, *अर्जुनबहादुर कार्की समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०७८०, उत्प्रेषणयुक्त परमादेश, *मधुसुदन अधिकारी समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०८०१, उत्प्रेषणयुक्त परमादेश, *रामजीप्रसाद भट्टराई समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

- रिट नं.०६५-WO-०८२७, उत्प्रेषणयुक्त परमादेश, *कमलप्रसाद सिटौला समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०८४७, उत्प्रेषणयुक्त परमादेश, *अष्टबहनादुर श्रेष्ठ समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०८८५, उत्प्रेषणयुक्त परमादेश, *रेखाकुमारी चौधरी समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०९०४, उत्प्रेषणयुक्त परमादेश, *बलराम पोखरेल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०९११, उत्प्रेषणयुक्त परमादेश, *राजकुमार यादव समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०९१४, उत्प्रेषणयुक्त परमादेश, *ब्रम्हदेव साह तेली समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०९४०, उत्प्रेषणयुक्त परमादेश, *राजाराम श्रेष्ठ समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०९५५, उत्प्रेषणयुक्त परमादेश, *रूद्रप्रसाद खनाल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०९६६, उत्प्रेषणयुक्त परमादेश, *महेशराज शर्मा समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०९७०, उत्प्रेषणयुक्त परमादेश, *लक्ष्मण भारती समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०९८०, उत्प्रेषणयुक्त परमादेश, *गोविन्द पाण्डे समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-०९८४, उत्प्रेषणयुक्त परमादेश, *दुर्गाप्रसाद शर्मा समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-००९८६, उत्प्रेषणयुक्त परमादेश, *नवराज घिमिरे समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-१००५, उत्प्रेषणयुक्त परमादेश, *पुष्पमुनि बज्राचार्य समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-१०१२, उत्प्रेषणयुक्त परमादेश, *बाबुराज पाण्डे समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-१०२२, उत्प्रेषणयुक्त परमादेश, *राजकिशोरप्रसाद सिंह समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-१०४३, उत्प्रेषणयुक्त परमादेश, *दीपकराज श्रेष्ठ समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-१०४५, उत्प्रेषणयुक्त परमादेश, *रूद्र सुवाल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं.०६५-WO-१०५५, उत्प्रेषणयुक्त परमादेश, *तिलकबहादुर खत्री समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको स.फौ.पुं नं. ०६०३, सवारी ज्यान अङ्गभङ्ग, *सूर्यलाल श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी सूर्यलाल श्रेष्ठले चलाएको माइक्रोबसको ठक्करबाट दुर्गाप्रसाद सापकोटा र महेश आलेमगर घाइते भएको र तीमध्ये दुर्गाप्रसाद सापकोटाको मृत्यु र महेश आले मगरको अङ्गभङ्ग भएको भन्ने कुरामा द्विविधा छैन । यी प्रतिवादीले चलाएको माइक्रोबसको ठक्करबाट घाइते भएका मध्ये दुर्गाप्रसाद सापकोटाको मृत्यु भएको अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐन, २०६३ को दफा १६१(३) नं. को कसूर कायम हुन सक्ने नै देखिँदा अभियोग दावीबाट पुनरावेदन जिकीरबमोजिम सफाई पाउन सक्ने भनी अर्थ गर्न मिल्ने देखिएन । यसरी प्रतिवादी सूर्यलाल श्रेष्ठले चलाएको ना. १ज १७०० नं. को माइक्रोबसको ठक्करबाट सडकमा हिंडी रहेको मानिसको मृत्यु भएको र अङ्गभङ्ग भएको अवस्था देखिँदा उक्त ऐनको दफा १६१(३) नं. बमोजिम सवारी बाहिर रहेको मानिसको मृत्यु भएको देखिँदा निज प्रतिवादी

सूर्यलाल श्रेष्ठलाई उक्त ऐनको दफा १६१(३) बमोजिम ३ महिना कैद र रू. २०००।- जरीवाना तथा सोही दुर्घटनाबाट अङ्गभङ्ग भएका पीडित महेश आलेको अङ्ग विशेषज्ञको रायबाट काम लाग्ने भनी लेखिएबाट अङ्गभङ्गको दावी भए पनि अङ्ग काम लाग्ने भएकोबाट सोही ऐनको दफा १६२(१) बमोजिम अङ्गभङ्गतर्फ रू. ५०००।- जरीवाना हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल फागुन २० गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३७५८, उत्प्रेषण परमादेश, *शिवप्रसाद चौधरी वि. नापी विभाग समेत*

बिदा माग गरेमा बिदा स्वीकृत गर्ने अधिकारीले कर्मचारीको बिदा सञ्चित भएमा सो बिदा स्वीकृत गर्न सकिने हुन्छ । तर निजको त्यस्तो कुनै बिदा सञ्चित नरहेको अवस्थामा मागबमोजिम पेश्की वा असाधारण बिदा स्वीकृत गर्नु नै पर्ने भन्ने बाध्यात्मक कानूनी व्यवस्था निजामती सेवा ऐन, २०४९ मा नरहेकोले त्यस्तो पेश्की वा असाधारण बिदालाई कर्मचारीले कानूनी अधिकारको रूपमा दावी गर्न नमिल्ने तथा बिदा स्वीकृत नगराई कार्यालयमा अनिश्चित कालसम्म अनुपस्थित रहेको अवस्थामा विभागीय सजाय गरी कानूनको स्थापित प्रक्रियाबमोजिम सेवाबाट हटाएकोलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल चैत १७ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३४९४, उत्प्रेषण, *निर्मलप्रसाद शर्मा वि. एभरेष्ट इन्स्योरेन्स कम्पनी लिं केन्द्रीय कार्यालय समेत*

कम्पनीले पत्राचार गरेपछि आफू विवरण लिई कम्पनीमा हाजीर हुन जाँदा कम्पनीले हाजीर नगराएको भन्ने निवेदकले कथन नभएको र विपक्षी कम्पनीले अदालतको फैसलाबमोजिम यी निवेदकलाई हाजीर नगराएमा कानूनबमोजिम सम्बन्धित निकायबाट उपचार प्राप्त गर्न सक्ने वैकल्पिक व्यवस्था समेत कानूनले गरिरहेको हुँदा त्यसतर्फ यस अदालतको असाधारण अधिकार ग्रहण गरी बोली रहन नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६३ सालको WO-०७१५, उत्प्रेषण समेत, *शेख अब्दुल सहमद समेत वि. शेख समसुल समेत*

बिगोको दावी परेको बखत दण्ड सजायको २६, २७ नं. को रोहमा विचार गर्ने अवस्था एउटा कुरा हो , रिट निवेदनको रोहमा अमुक ऋण सगोलबाट तिर्न बुझाउन पर्छ वा पर्दैन । भनी तथ्यमा प्रवेश गरी बोल्न मिल्ने देखिदैन । निवेदक अंश मुद्दाको प्रतिवादी भै सो मुद्दामा भएको फैसलाको कार्यान्वयन रोक्ने हिसाबले समेत प्रस्तुत रिट निवेदन दिएको र अंश दावीको विषयमा न्यायिक प्रक्रियामा तह तह विचार भै अन्तिम नभएको विषय देखिएकोले मागबमोजिम आदेश जारी गर्नुपर्ने कानूनी आधार विद्यमान नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. अवधेशकुमार यादव,** २०६४ सालको CI-०१८१, पर्खाल भत्काई, *राजेश श्रेष्ठ वि. अमरराज पाठक समेत*

पुनरावेदक प्रतिवादीले पर्खाल समेत रहेको कि.नं. ११४ को जग्गामा घर बनाउन, नक्सा पास गर्न दर्खास्त दिएकोमा सो पारित हुने समेत ठहर भएको देखिन्छ । यसरी विवादित मुद्दा पर्नु अगावै देखि नापी नक्सा एवं वादी यिनै अमरराज पाठक

समेत र प्रतिवादी देवीमाया पुन भएको सार्वजनिक बाटो बन्द गर्न खोजेको मुद्दामा भएको प्रतिवेदन समेतबाट कायम देखिएको पर्खाल र त्यस्तो पर्खाल भत्काउने ठहर नभएको अवस्थामा हचुवा रूपमा सो सँगै रहेको भनेको टहरा भत्काउने ठहऱ्याएको काठमाडौं महानगरपालिकाको मिति २०६३।५।१६ को निर्णय र सो निर्णयलाई सदर गरेको पुनरावेदन अदालत पाटको मिति २०६४।१।३० को फैसला कानूनसंगत नदेखिएकोले उल्टी भै वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार १ गते रोज ३ शुभम् ।

**इजलास नं. ७**

१

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ०३५३, अबण्डा सम्पत्ति बण्डा गरी चलन चलाई पाऊँ, *नारायण अवाले वि. राममाया अवाले समेत*

२०४८ सालको बण्डापत्रमा जेठा अवाले आफूले पाउने सम्पत्ति बुझी सकेको र दबाए छुपाएको पत्ता लागेमा पत्ता लगाउनेले एकलौटी खान पाउने भन्ने व्यहोरा उल्लेख गरिएको भएबाट बाबु जीवितै छँदाको अवस्थामा भएको बण्डापत्रमा अबण्डा सम्पत्ति राखेको उक्त बण्डापत्रबाट देखिँदैन । सो कुरालाई वादीले फिरादपत्रमा प्रष्टसँग स्वीकार गरेको अवस्था एकातिर छ भने अर्कोतर्फ अबण्डा जग्गा बाँकी छैन । वादीले अबण्डा जग्गा पत्ता लगाएको अवस्था पनि नभएको स्थितिमा २०२८।३।२७ को बण्डापत्रलाई आधार लिने वादीलाई २०४३ र २०४८ सालको पारित बण्डापत्र कायम रहेको अवस्थामा मद्दत गर्नसक्ने नदेखिने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको २०६३ सालको दे.पु.नं. ०३५२ अबण्डा सम्पत्ति बण्डा गरिपाऊँ, *कृष्ण अवाले वि. राममाया अवाले समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको फौ.पु.नं. ३७६३, बढी भन्सार महसुल, *सेवन्तक पोखरेल वि. प्रकाश तायल*

के कति कारणले एकपटक जाँच पास भइसकेको मालवस्तुमा थप भन्सार महसूल लाग्ने हो सो समेत वस्तुनिष्ट रूपमा आधार र कारण खुलाउन सकेको अवस्था देखिन आएन । केवल अनुमान र आत्मनिष्ट रूपमा अनुमान गरी कानूनी आधार बेगर सरकारी पक्षले कुनै व्यक्ति, संस्था, निकाय वा फर्मलाई राजश्वको भार थप्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको दे.पु.नं. ८५८८, दर्ता बदर दर्ता, *चानगुदी कदार वि. भरत ठठेर*

पुनरावेदकले मिति २०२५।३।१ को मिलापत्रबाट पाएको साबिक कि.नं. १६६ हालको कि.नं. ४३ हो भन्ने प्रमाणबाट पुष्टि हुन आएन । पुनरावेदकले कि.नं. ४३ को साविक दर्ताको स्रोत देखाउन नसकेको एवं आफ्नो भएको भनी प्रमाण पेश गर्न नसकेको अवस्थामा ठोस आधार र प्रमाण बेगर दावी गरिएको जग्गा वादीको नाममा दर्ता गर्न नमिल्ने ।

इजलास अधिकृत : शिबप्रसाद खनाल

कम्पयुटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल बैशाख १३ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६२ सालको दे.पु.नं. ८५८९, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *चानगुदी कदार वि. भरत ठठेर* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ८४६९,

जग्गा खिचोला, *कालुराम चौधरी वि. रामनारायण माझी*

वादीले विवादित जग्गाको मोही लगत कट्टा गरी पाऊँ भनी दिएको मुद्दामा पुनरनवेदन अदालत बिराटनगरबाट मिति २०५७।१।१५ मा मात्र मोही लगत कट्टा हुने अन्तिम निर्णय भएको अवस्थामा उक्त निर्णय हुनुभन्दा पहिल्यै वादीले नै जग्गा कमाए हालान् भनी अनुमान गर्न नसकिने ।

वादी प्रतिवादीबीच कायम रहेको विवादित जग्गाको मोहीसम्बन्धी विवादका साथै विवादित जग्गाको हक स्वामित्व र खनजोतसम्बन्धी विवादको अन्त्य मिति २०५८।४।२९ को मिलापत्रबाट भएको हुँदा प्रस्तुत खिचोला मुद्दामा वादी दावी नपुग्ने ।

इजलास अधिकृत : शिबप्रसाद खनाल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल बैशाख १२ गते रोज १ शुभम् ।

- यसमा यसै लगाउको २०६१ सालको दे.पु.नं. ८४६८, जग्गा खिचोला चलन, कालुराम चौधरी समेत वि. दुर्गाप्रसाद माझी भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ९४९६, हक कायम, *नैनबहादुर श्रेष्ठ वि. कृष्ण न्हुच्छे श्रेष्ठ समेत*

विवादित कि.नं. ५८५ को जग्गा वादी प्रतिवादीका बाजेका नाममा कायम भएको साविक स्रेस्ता एवं २०२२।५।३० को बण्डापत्र समेतका आधारबाट उक्त बण्डापत्रबमोजिम वादी प्रतिवादीको आधा हक लाग्ने देखिएकोले वादी प्रतिवादी दुबैको आधा-आधा हक कायम भई नामसारी हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ असार २० गते रोज १ शुभम् ।

- यसमा यसै लगाउको २०६२ सालको दे.पु.नं. ९४९७, हक कायम समेत, *नैनबहादुर श्रेष्ठ वि. कृष्ण न्हुच्छे श्रेष्ठ समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ९८७५, निर्णय बदर, *नैनबहादुर श्रेष्ठ वि. कृष्ण न्हुच्छे श्रेष्ठ समेत*

विवादित जग्गाको तेरो मेरोमा प्रश्न उठेपछि मालपोत कार्यालय आफैंले प्रमाण बुझी पक्षहरूको स्रेस्ता प्रमाणको मूल्याङ्कन गरी जग्गा दर्ता गर्न कानूनले क्षेत्राधिकार नदिएकोमा यस्तो विषयमा हक बेहकमा अदालतमा जानु भनी सुनाई दिनुपर्नेमा विवादित जग्गाको दर्ता स्रेस्ता बुझी नैनबहादुरको नाममा दर्ता हुने ठहऱ्याएको मालपोत कार्यालय भक्तपुरको निर्णय उल्टी गरी विवादित जग्गाको सम्बन्धमा पुनरावेदक र प्रत्यर्थीका बीच तेरो मेरोमा मुख नमिली हक बेहकको प्रश्न खडा भएको देखिएको स्थितिमा हक कायम गराई ल्याउन अदालतमा नालेस गर्न जानु भनी पक्ष विपक्षलाई सुनाई दिने गरी भएको फैसला मिलेकै देखिँने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ असार २० गते रोज १ शुभम् ।

८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६३ सालको स.फौ.पु.नं. ०३९७, लुटपीट, *प्रभु केवट वि. अनरूद्ध केवट समेत*

स्वयं वादीकै साक्षीले वादीको घरमा काठपात प्रतिवादीहरूले लुटपीट गरेको होइनन् भनी उल्लेख गरी बकपत्र गरेबाट वादीको दावी आधारहीन भएको देखिन्छ भने प्रतिवादीको जिकीर मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेको छ । यसरी वादीको दावी वादीका साक्षीद्वारा पुष्टि हुन नसकी खण्डित भएको र प्रतिवादीले कसूरमा इन्कार गरी आफ्नो इन्कारी भनाइलाई साक्षीद्वारा पुष्टि गरी रहेको अवस्थामा प्रतिवादीहरूद्वारा दावीबमोजिमको लुटपीटको कसूर गरेको भनी शंकारहित तथ्ययुक्त ठोस सबूद प्रमाणको अभावमा ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृत : शिबप्रसाद खनाल
इति संवत् २०६७ साल बैशाख १२ गते रोज ५ शुभम् ।

९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ८३३३, लिखत दर्ता बदर दर्ता रोक्का फुकुवा, *मीनादेवी गिरी वि. टंकप्रसाद सापकोटा*

न.नं. ४ र ४क को जग्गा वादीले मिति २०६२।११।६ मा राजीनामा गराई लिएको लिखतसँग मिल्न भिड्न आउँछ । यस्तो अवस्थामा वादीलाई कि.नं. ११४ को जग्गाको उत्तरतर्फको मुख महेन्द्र राजमार्गसँग भिड्न आउँछ । यस्तो अवस्थामा वादीलाई कि.नं. ११४ को जग्गाको उत्तरतर्फको मुख महेन्द्र राजमार्गसंग भिड्ने गरी बटुकप्रसादले लिखत गरी दिएपछि दाताको बाँकी रहेको कि.नं. ३७८ को जग्गा मीनादेवीले पाउने देखिँदैन । मिति २०४५।१।३ मा मात्र मीनादेवीले जग्गा बटुक प्रसादबाट लिखत गरी लिएको अवस्था हुँदा कानूनले जेठो लिखतलाई मान्यता दिन्छ र उसैको हक स्थापित हुने ।

आफ्नो हकै नपुग्ने जग्गालाई हक पुग्छ भनी मीनादेवीले वाणिज्य बैंकलाई धितो राखी ऋण लिई रोक्का समेत गराएको देखिँदा सो व्यवहार कानूनसंगत नदेखिने ।

इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल असार ६ गते रोज १ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दारूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६१ सालको दे.पु.नं. ८३३४, लिखतबमोजिम नक्सा सुधार गरिपाऊँ, मीनादेवी गिरी वि. टंकप्रसाद शर्मा सापकोटा
- २०६६ सालको दे.पु.नं. ०५४९, घर उठाई जग्गा खिचोला मेटाई चलन, *मीनादेवी गिरी वि. टंकप्रसाद सापकोटा*

१०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको स.फौ.पु.नं. ०८२५, साधक नं. ०१३, कर्तव्य ज्यान, *कोडा योञ्जन वि. नेपाल सरकार, नेपाल सरकार वि. कोडा योञ्जन*

अपराधका आवश्यक तत्व आपराधिक मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Reus) दुबै विद्यमान रहेको देखिँदा यी प्रतिवादीले लिएको Alibi को जिकीर विश्वसनीय एवं भरपर्दो प्रमाणबाट प्रमाणित गर्न सकेको देखिँदैन । केवल अदालतमा गरेको इन्कारी बयानकै आधारमा मात्र कसूरबाट रिहाई नपाउने ।

इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

११

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६४ सालको फौ.पु.नं. ०२२३, २२४, कर्तव्य ज्यान, *रोशन भुजेल वि. नेपाल सरकार, मानबहादुर तामाङ्ग समेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले तारा कार्कीलाई कर्तव्य गरी मार्ने सुनियोजित योजना बनाई आपराधिक मनसाय (Mens Rea) का साथ तारा कार्कीलाई मार्ने आपराधिक कार्य (Actus Reus) गरेको देखिन आएको छ । यसप्रकार प्रस्तुत मुद्दामा अपराधका दुबै तत्व विद्यमान रहेको अवस्थामा प्रतिवादीहरू मानबहादुर र रोशन भुजेलले अदालतमा गरेको सामान्य इन्कारीको कुनै अर्थ नरहने ।

तारा कार्कीसँग अन्य दुई जना प्रतिवादीको झगडा र रिस, इवीमा तिनै दुई जनाको साथमा लागी आपराधिक कार्य अर्थात् हत्याको वारदातमा सहभागी भएको देखिन्छ । यसरी निज रोशन भुजेल र अन्य दुई प्रतिवादीको स्थिति फरक-फरक रहेको छ । यस्तो अवस्थामा कानूनबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा रोशन भुजेलको हकममा चर्को हुने र निजले गरेको अपराधको तुलनामा सजाय बढी र असन्तुलित हुन जाने हुँदा अ.बं. १८८ नं. कैद वर्ष १२(बाह) गरेमा न्यायको मकसद पूरा हुने हुँदा निजलाई कैद वर्ष १२ मात्र हुने ।

इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

१२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ८०१२, अंश, *उर्मीला थापा वि. देवीबहादुर थापा*

कि.नं. ३८९ नं. को ०-२-० जग्गा प्रतिवादी उर्मीला थापाले हालैको बकसपत्रबाट पाएको देखिएकोले उक्त जग्गा अंशबण्डाको १८ नं. र स्त्री अंश धनको ५ नं. बमोजिम प्रतिवादी पुनरावेदिका उर्मीला थापाको निजी ठहरी आफूखुशी गर्न पाउने सम्पत्ति देखिन्छ । त्यसरी बकसपत्रबाट पाएको जग्गा पनि सगोलको सम्पत्तिबाट वा वादीको आर्जनबाट खरीद गरिएको भनी मान्न मिलेन । सो विवादित जग्गा प्रतिवादीको एकलौटी सम्पत्ति देखिएकोले त्यसबाट प्रतिवादीका पति लगायतका अंशियारलाई बण्डा गर्न कर नलाग्ने ।

इजलास अधिकृत : शकुन्तला कार्की

इति संवत् २०६६ साल चैत १६ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६२ सालको दे.पु.नं ८०१३, अंश, *उर्मीला थापा समेत वि. देवीबहादुर थापा* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं. ३१७०, भ्रष्टाचार, *रविन्द्र तण्डुकार वि. नेपाल सरकार*

पटक-पटक सम्बन्धित निकायबाट प्रमाणीकरण गराउँदा पनि यी पुनरावेदकले दावी गरेअनुसारको परीक्षा उत्तीर्ण गरी प्रमाणपत्र प्राप्त गरेको देखिन आएन । अपितु निज सो परीक्षामा अनुत्तीर्ण भएको भनी स्पष्ट रूपमा लेखी आएकोलाई अन्यथा भन्न मिल्ने देखिएन । निजको विवादित शैक्षिक योग्यताको प्रमाणपत्र प्रदान गर्ने भारतीय निकायले नै निजले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको पुष्टि गर्न नसकेको अवस्थामा सो परीक्षा उत्तीर्ण गरी सक्कली प्रमाणपत्र पेश गरेको भन्न नसकिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

१४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको स.फौ.पु.न. ३४३६, नकबजनी चोरी, *श्री ५ को सरकार वि. टेकबहादुर गुरूङ्ग समेत*

प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी अभियोगमा वादी दावी प्रमाणित गर्ने भार वादी पक्षमा रहने र वादी पक्षले प्रतिवादी कुमार राई र बसन्त मानन्धरले चोरीको कसूर गरेको हो भन्ने शङ्कारहित ठोस सबूदबाट पुष्टि गर्न सकेको देखिँदैन । फौजदारी अभियोगमा वादी पक्षले अभियोग दावी पुष्टि गर्न नसकेको अवस्थामा शङ्काको सुविधा अभियुक्तहरूले पाउने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेकोले शङ्काको भरमा ठोस सबूद प्रमाणको अभावमा चोरीको कसूरमा कसूरदार ठहर्‍याई सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल फागुन २६ गते रोज ३ शुभम् ।

१५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ.पु.नं. ३६९१, ज्यान मार्ने उद्योग, *श्री ५ को सरकार वि. भुपालबहादुर अधिकारी*

ज्यान मार्ने मनसायबाट प्रहार गरेको भए मर्मस्थानमा प्रहार भएको हुनुपर्छ । त्यस्तो संवेदनशील अङ्गमा चोट भएको पाइएन । यसरी लागेको चोटपटकबाट मर्न सक्नेसम्मको अवस्था समेत नदेखिएको, पीडितको नाडीको टेण्डन काटिएको, हात वा यसको जोर्नी भाँची फोरी बेकम्मा पारेको भन्ने नदेखिई हात निको भैसकेको तर पूर्वावस्थानुसार काम गर्नसक्ने अवस्थाको सम्म नभएको भन्ने उल्लेख भएको देखिँदा अङ्गभङ्ग खत देखिन नआएकोले कुटपीटको ६ नं.बमोजिम सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

१६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ.पु.न.

३६६६, कीर्ते, *भक्तकुमारी कार्की वि. लक्ष्मीदेवी खतिवडा समेत*

विवादित लिखत पटक-पटक परीक्षण हुँदा विशेषज्ञबाट पारित राजीनामाको लिखतको दिनेको ल्याप्चेछाप र नमूना ल्याप्चे छाप मिले भिडेको भनी दिएको राय समर्थन गरी बकपत्र समेत गरेको कारणबाट वादी दावीबमोजिम कीर्ते राजीनामा पास गरी लिएको दिएको भन्ने देखिन नआएकोले शुरू जिल्ला अदालतले वादी दावी नपुग्ने ठहर गरेको इन्साफ सदर गरी जरीवाना गर्नु नपर्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६२ सालको दे.पु.नं. १२८०, लिखत दर्ता बदर, दर्ता कायम, *भक्तकुमारी कार्की वि. लक्ष्मीदेवी खतिवडा समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको स.फौ.पु.न. ३४३५, डाँका, *नेपाल सरकार वि. सुनील लामा समेत*

जाहेरीमा उल्लेख भएको धनमाल प्रतिवादीहरूले डाँका गरेको भनी स्वीकार गरेको अवस्थामा अभियोग दावीबमोजिमको बिगो रू.८३,०००।- कायम हुन्छ । अतः अभियोग दावीबमोजिमको बिगो रू.८३,०००।- कायम गरी जरीवाना समेतको सजाय हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम् ।

१८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको फौ.पु.नं.३४९६, लागू औषध, *अमर टण्डन वि. नेपाल सरकार*

प्रतिवादीको घरबाट इजाजत प्राप्त नभएको हातहतियार समेत बरामद भै आएको देखिएकोमा निजले सो हतियार राख्नुपर्ने सम्मको कुनै मनासिब आधार कारण देखिएन भने सो राख्ने अनुमति समेत प्राप्त गरेको छु भनी प्रमाण दिन सकेको देखिएन । सो कारोबारमा संलग्न नभए आफ्नो घर कम्पाउण्डमा सो कारोबारमा संलग्न अन्य प्रतिवादी अमर सिंघानिया, राजेश सुरेश अग्रवाललाई आश्रय दिई राख्नु पर्नेसम्मको अन्य कुनै विश्वसनीय आधार समेत नदेखिएबाट र निजको घर कम्पाउण्डमा रहने गरेको कारणबाट निषेधित लागू औषध बरामद हुनुबाट निज प्रतिवादी अभियोग दाबीबमोजिमको कसूरमा संलग्न रहेको भन्ने तथ्य पुष्टि हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल फागुन ९ गते रोज १ शुभम् ।

१९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं. ०२९२, नापी दर्ता बदर जग्गा खिचोला, *इद्धे दमाई वि. चन्द्रे दमाई*

राजीनामाका उल्लिखित चार किल्ला तथा नक्सा मुचुल्काको नं. ५, ५/१ को जग्गाको चार किल्ला भिडाई हेर्दा विवादित कि.नं. ३११ को चार किल्ला फरक-फरक देखी मिले भिडेको देखिँदैन भने उक्त जग्गा राजीनामाभित्रको हो भन्ने आधार प्रमाण वादीले पेश गर्न सकेको नदेखिँदा वादीको राजीनामाभित्रको भन्न मिल्ने नदेखिने ।

विवदित कि.नं. १९६ का सम्बन्धमा हेर्दा बुढा बाबु धने दर्ताको ल.नं. ४० को जग्गा मध्ये बाबु हर्केको अंश भागमा परी दाजु नरेको नाममा ७ नं. फाराम भरेको महामौरे जग्गा भनी वादीले हकको स्रोत देखाएको भए तापनि १९९० सालमा विवादित जग्गा समेत देखिने गरी बण्डा भएको भनिएको बण्डापत्रको कागज एकातर्फ वादीले पेश गर्न सकेको छैन भने अर्कातर्फ अदालतबाट भई आएको नक्सा मुचुल्का हेर्दा न.नं. २३ मा विवादित भनी देखाइएको र सो जग्गाको चौकिल्ला मिलाउँदा भिडाउँदा मिल्न भिड्न आएको नपाइनुका साथै यो यस किल्लाभित्रको भनी वादी स्वयंले पुष्टि गर्न सकेको देखिएन । ल.नं. ४० को धने कोदाले दर्ताको महामौरे जग्गा नै कि.नं. १९६ को हो भनी वादीले दावी लिए तापनि नरे दमाईको नामबाट

भरेको ७ नं. फाराम हेर्दा जग्गाको विवरणमा वादी दावीको महामौरे नामको रहे भएको नदेखिने ।
इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

२०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको दे.पु.नं. ०२४६, जग्गा खिचोला चलन, *यार महमद मियाँ अन्सारी वि. नजमुन नेसा खातुन*

प्रतिवादीको भोगमा दर्ता स्रेस्ताभन्दा बढी नै जग्गा रहेको देखिन आएको समेतबाट वादीको आफ्नो दर्ता स्रेस्ताभन्दा कम रहन गएको अवस्थामा दावी गरेको ०-०-११/२ को जग्गाभन्दा बढी खिचोला ठहऱ्याएको फैसला कानूनसंगत नदेखिने ।
इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

२१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.न. ०६७६, निषेधाज्ञा मिश्रित परमादेश, *रामलक्ष्मण शर्मा समेत वि. प्रकाशकुमार उपाध्याय*

नियमावलीमा कर्मचारीलाई सुविधा दिने व्यवस्थाका विपरीत कर्मचारीलाई नियमानुसार पाउने सुविधा संकुचन गर्ने गरी वा नियमले पाउने सुविधा नपाउने गरी वा मर्का पर्ने गरी कम्पनीले अन्य निकायसँगको सम्झौतामा शर्त राख्न पाउने होइन । पुनरावेदक कम्पनी र बीमा संस्थानबीच भएको बीमासम्बन्धी सम्झौतामा उल्लिखित शर्तको त्यसरी व्याख्या वा अर्थ गर्नु न्यायोचित हुँदैन । यदि १४ अप्रिलमा बढुवा भएको कर्मचारीले एक वर्ष पर्खिनु पर्ने गरी व्याख्या गर्ने हो भने त्यो कुरा स्वयं पुनरावेदक कम्पनीले बनाएको कर्मचारी सेवा शर्त नियमावलीको विपरीत हुन जान्छ । उक्त सम्झौताले यी निवेदकलाई नियमानुसार पाउने सुविधाबाट बञ्चित गर्न नमिल्ने ।
इजलास अधिकृत : भोलानाथ ढकाल
इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

२२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको फौ.पु.नं. ८१८, लागु औषध हेरोइन, *नेपाल सरकार वि. रामहरि शर्मा सिग्देल*

बरामदी मुचुल्काअनुसारको परिणाममा विवाद गर्ने ठाउँ नरहेको अवस्थामा दावीअनुसार प्रतिवादीले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसूर गरेको प्रमाणित भई नै सकेको छ । उपरोक्त दफाअनुसारको कसूर प्रमाणित गर्न नसकेपछि त्यसको लागि ऐनले निर्धारित गरेको सजायको हकमा ऐनको दफा १४(१)(२) आकर्षित हुने ।
इजलास अधिकृत : शकुन्तला कार्की
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ जेठ १७ गते रोज २ शुभम् ।

२३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ९७५२, जग्गा खिचोला, *पुरूषोत्तम लाल संघई वि. अमृतलाल कुर्मी समेत*

विवादित जग्गा वादीको ठहऱ्याउँदा दर्ताभन्दा केही बेसी क्षेत्रफल हुन जाने भए तापनि खिचोला नठहऱ्याउँदा नक्सा ट्रेस र भै आएको नक्साको विपरीत हुनजाने हुँदा विवादित नं.नं. १४ को ०-०-१३/४ जग्गा प्रतिवादीले खिचोला गरेको देखिने ।
इजलास अधिकृत : शिबप्रसाद खनाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६६ साल चैत ३० गते रोज २ शुभम् ।

२४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ००५६, कर्तव्य ज्यान, *जयबहादुर तामाङ्ग वि. नेपाल सरकार*

जयबहादुरको निज मर्ने चन्द्रबहादुरउपर पूर्व रिसइवी नदेखिएको र सुनियोजित ढंगले जोखिमी हतियार प्रयोग नगरी तत्काल उठेको रिसबाट ढुङ्गा उठाई हिर्काएको कारण चन्द्रबहादुरको ज्यान मर्न गएको भन्ने देखिएकोले प्रतिवादी

जयबहादुर तामाङ्गलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल चैत १८ गते रोज ४ शुभम् ।

२५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की,** २०५६ सालको दे.पु.नं. ०१६२, बाली भराई मोही निष्काशन, *कृष्णमाया प्रधान नौला वि. लक्ष्मीमाया नौला*

मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने पुनरावेदन अदालत आफैंले त्यस्तो प्रमाण बुझी निर्णय गर्नुपर्ने हुन्छ । सोबमोजिम नगरी प्रमाण बुझ्नकै लागि मिसिल तल्लो अदालत वा निकायमा पठाउनु परेको अवस्थामा भने मुद्दाको लगत यथावत् कायमै राखी मिसिल पठाउनु पर्ने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ ४ गते रोज ६ शुभम् ।

२६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं. ०१५९, २१४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जसबहादुर दर्लामी मगर समेत, हेमराज दर्लामी मगर वि. नेपाल सरकार*

प्रतिवादी हेमराज दर्लामीले मृतकलाई लात मुक्का प्रहार गरी कुटेको कुरा निजकै बयान र अन्य प्रमाणबाट पुष्टि भइरहेको हुँदा प्रस्तुत वारदात सोही ज्यानसम्बन्धीको १४ नं. अन्तर्गतको वारदात देखिन आउँछ । यस्तो अवस्थामा ज्यानसम्बन्धीको १३ नं. को देहाय ३ को दावी भए पनि आरापित कसूर १४ नं. अन्तर्गतको हुँदा सोही १४ नं. बमोजिम प्रतिवादी हेमराज दर्लामीलाई १० वर्ष कैद हुने ।

प्रतिवादी जसबहादुर दर्लामी मगर भने वारदातको समयमा त्यहाँ उपस्थित भई कुनै प्रकारले हेमराज दर्लामीलाई सहयोग पुऱ्याएको पनि देखिएको छैन । यस्तो अवस्थामा निजको उपस्थिति आरोपित कसूरमा संलग्नता प्रमाणित गर्दैन । अपितु मृतक र प्रतिवादी हेमराजबीचको द्वन्दयुक्त विवाद सल्टाउने र दुबैलाई झगडा गर्नबाट छुटाउने प्रयोजनका लागि जसबहादुरको त्यहाँ उपस्थिति देखिएको छ । त्यसकारण कसूरदार नहुँदा निज प्रतिवादी जसबहादुर मगरलाई सजाय गरी रहनु नपर्ने ।

इजलास अधिकृत : शिबप्रसाद खनाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम् ।

२७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०३१७, ठगी, *जयप्रसाद ढुंगाना वि. नेपाल सरकार*

विभिन्न व्यक्तिबाट रकम उठाएको कारणले आफूलाई फाइदा र अरूलाई हानि नोक्सानी हुने गरी यी प्रतिवादी समेतको सहभागितामा विभिन्न व्यक्तिलाई धोका दिई बेइमानीका नियतले ठगी कार्य भए गरेको पुष्टि भएको र पुनरावेदकको उमेर वर्ष ७२ पुगी वृद्ध अवस्थाको हुँदा ठगीको ४ नं. बमोजिम कैद दिन १५ र जरीवाना समेत हुने ।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल असार २९ गते रोज ३ शुभम् ।

२८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०४३५, निर्णय बदर, हक कायम, दर्ता बदर, दर्ता कायम, *निर्मलादेवी शाह वि. राजोदेवी तिवारी*

वादीको जग्गा कि.नं. ६९ मा जग्गा स्रेस्ताभन्दा घटी रहेको र अर्काको जग्गामा नरबढी भन्ने अवस्था समेत हुन नसक्ने भए प्रतिवादी आफुले खरीद गरेको भन्दा बढी जग्गामा निजको हक भएको भन्ने देखिँदैन । जति राजीनामा लिएको जग्गा हो, स्रेस्ता प्रमाणबाट त्यति नै जग्गा कायम गर्नुपर्ने हुन्छ । प्रतिवादीको हकको स्रोतभन्दा बढी जग्गा निजको नाममा कायम हुने गरी नापीबाट

भएको २०५६।६।१९ को निर्णय कानूनसंगत देखिन नआउने ।
इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल असार २९ गते रोज ३ शुभम् ।

२९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ८९२१, बहाल भराई पाऊँ, *उत्तमलाल अमात्य समेत वि. केशरीदेवी अमात्य*

घरबहालसम्बन्धी कबुलियत नभएपनि बहाल नलिई सित्तै दिने अभिप्रायले बस्न दिएकोमा बाहेक घरमा बसी उपभोग गरी सकेपछि मनासिब माफिकको रकम बहालको रूपमा बुझाउनु त्यस्तो बहालमा बस्ने व्यक्तिको कर्तव्य हुन जान्छ । घर उपभोग गरेर बस्ने तर बहालको कबुलियत रहेनछ भनी बहालको रकम बुझाउनु पर्दैन भन्ने हो भने त्यसरी बहालमा बस्ने व्यक्तिलाई अन्यायिक समृद्धि (Unjust Enrichment) हुन जान्छ । त्यसैले घर बहालको कबुलियत नभएको भन्ने आधारले मात्र घर जग्गा उपभोग गरी त्यसबाट आर्थिक लाभ प्राप्त गरी सकेको व्यक्तिले बहालबापतको कुनै रकम बुझाउनु पर्दैन भन्न नमिल्ने ।
इजलास अधिकृत : कमलप्रसाद पोखरेल
इति संवत् २०६७ साल असार २२ गते रोज ३ शुभम् ।
यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको दे.पु.नं. ८९१९, बहाल भराई पाऊँ, *उत्तमलाल अमात्य समेत वि. रामदेवी अमात्य*
- २०६३ सालको दे.पु.नं. ८९२०, बहाल भराई पाऊँ, *उत्तमलाल अमात्य समेत वि. सरस्वती अमात्य*

३०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. २८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बीरबहादुर परियार समेत*

ठोस र शंकारहित प्रमाण बेगर शंका, अनुमान र आत्मगत विश्वासका आधारमा कसैलाई कसूरदार ठहर गर्नु फौजदारी न्यायका मान्य सिद्धान्तविपरीतको कुरा भएकाले निजहरूलाई अभियोग दावबिमोजिम सजाय हुन नसक्ने ।
इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : मुक्ता प्याकुरेल
इति संवत् २०६७ साल असार २२ गते रोज ३ शुभम् ।

३१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** ०६३-WO-००७०, उत्प्रेषणयुक्त परमादेश, समेत *लोकमान्य गोल्छा वि. जिल्ला विकास समिति, सर्लाही समेत*

जिल्ला परिषद् सर्लाहीबाट मिति २०६१।१२।११ मा धान, भूस र खुदीमा कर लगाउने गरी गरिएको निर्णय र सोही निर्णयको आधारमा प्रत्यर्थी शम्भुकुमार कोइरालामार्फत् कर उठाउने गरी ठेक्का दिई कर असूलउपर गर्ने गरिएको कार्य, कारवाही समेत स्थानीय स्वायत्त शासन ऐन, २०५५, को दफा २(ध) र दफा २१५(२) तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७(१) (च) विपरीत हुनुका साथै तत्कालीन नेपाल अधिराज्यको संविधानको धारा ७३(१) र नेपालको अन्तरिम संविधानको धारा ८९(१) को विपरीत देखिँदा निवेदकको मागबमोजिम धान, भूस र खुदीमा कर लगाउने गरी गरिएको राजश्व परामर्श समितिको सिफारिश तथा जिल्ला परिषद् सर्लाहीको निर्णय र सो निणर्यको आधारमा शम्भुकुमार कोइरालामार्फत् कर उठाउने गरी दिइएको ठेक्का उपरोक्त वस्तुहरूको हकमा सम्म उत्प्रेषणको आदेश जारी भई बदर हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : मञ्जिता कोइराला
इति संवत् २०६७ साल असार २२ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६३-CI-००२७ निषेधाज्ञा, *लोकमान्य गोल्छा वि.* जिल्ला *विकास समिति सर्लाही* समेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ८

१

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको रिट नं. ०६५-WO-०३७७, परमादेश, *प्रकाशमणि शर्मा समेत वि. मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपालको अन्तरिम संविधान,२०६३ को धारा २१ मा उल्लिखित वर्ग, क्षेत्र, लिङ्ग, जातजातिको राज्य संरचनामा रहेको प्रतिनिधित्व सम्बन्धमा हेर्दा संविधानको धारा २१ मा प्रत्याभूत गरिएको मौलिक हकको निर्वाध रूपमा उपभोग गर्न पाउने आर्थिक, सामाजिक, वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित आदिवासी/जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरीब किसान, र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा उनीहरूको निजामती, प्रहरी सेना, न्यायिक क्षेत्र लगायत राज्यका सम्पूर्ण संयन्त्रहरूमा तुलनात्मक रूपमा न्यून रूपको सहभागिता एव. प्रतिनिधित्व रहेको देखिन आउँछ । यस अवस्थामा उल्लिखित वर्ग, क्षेत्र, लिङ्ग, जातजातिभित्र पर्ने व्यक्तिहरूको उत्थान, विकास एवं सशक्तीकरणका लागि नेपालको अन्तरिम संविधानको धारा २१ को सामाजिक न्यायको हकअनुरूप भावी दिनहरूमा नेपाल सरकारले ठोस एवं प्रभावकारी रूपमा कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिएकोले आगामी दिनमा तदनुरूप क्रमिक रूपमा ठोस काम कारवाही गर्नु गराउनु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६६ साल माघ ६ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ११२४, जग्गा खिचोला चलन, *रामदेव महतो वि. फोरन महतो*

निर्माण भई भोगचलनमा रहेको घर र बरण्डा हटाई पाऊँ भनी ऐनको म्यादभित्र साधिकार निकायमा वादीले उजूरी नदिएको र प्रस्तुत फिरादमा समेत सो दावी नलिएकोमा दावी नै नलिएको विषय न.नं. १२ र १३ मा समेत प्रतिवादीले खिचोला गरेको भनी ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ११२५, जग्गा खिचोला चलन, *रामदेव मेहता समेत वि. हरिनन्दन मेहता*

जग्गाको हक बेहकको निराकरणको प्रश्नमा कसैको भोगमा रहेको भन्ने व्यहोराले नभै जग्गाको नापनक्सा, ट्रेस नक्सा र जग्गाधनी स्रेस्ताका आधारमा हुने हुँदा न.नं. ८, ९, १० को भोला मेहताको कि.नं. ३६९ मध्येको देखिएको जग्गालाई वादीको कायम गर्न र न.नं ४ को वादीको कि.नं. ३६८ मध्येको भनी स्पष्ट कैफियतबाट पुष्टि भै ट्रायल चेक तथा ट्रेस नक्सासँग मिले भिडेको समेतको स्थितिबाट निरपेक्ष भै सो न.नं. ४ को विवादको जग्गालाई वादीको कि.नं. ३६८ भित्रको देखिन आएको स्थितिमा भई आएको नक्सामा जनिएको नं.नं. १५ को जग्गा प्रतिवादीकै कि.नं. ३६७ मध्येकै जग्गा भनी जनिइरहेकाले सो न.नं. १५ र ३ को संयोगबाट प्रतिवादी बलरामको स्रेस्ताबमोजिमको जग्गा ०-०-१६१/२ भन्दा बढी नै हुने हुँदा न.नं.१५ को जग्गा, कि.नं. २२७ को जग्गाधनीको भोगमा रहेको प्रतिवादी बलरामकै कि.न.३६७ मध्येकै जग्गा भनी नक्सामा जनिएकोमा चूप लागी बसी त्यसतर्फ अन्यथा प्रमाणित गर्न नसक्ने वा उपचार नखोजी बस्ने प्रतिवादीले न.नं.४ को ०-०-२१/२ मध्ये ०-०-२ जग्गामा खिचोला गरेको देखिने ।

इजलास अधिकृत : रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको रि.नं. ०९९४, निषेधाज्ञा

परमादेश, *गोबिन्द सिंह महर्जन वि. सुरेन्द्र शाक्य समेत*

पुनरावेदक र विपक्षी सुरेन्द्र शाक्य बीचमा जग्गाको तेरो मेरोमा खिचोला परेको भन्ने विवाद देखिएको र सो विषयमा नगरपालिकामा मुद्दा परिसकेकको अवस्थामा नगरपालिकाबाट भएको निर्णयमा चित्त नबुझे साधारण क्षेत्रबाटै अदालतमा पुनरावेदन लाग्ने अवस्था हुँदाहुँदै यस्तो विवाद प्रमाण बुझी साधारण क्षेत्रबाटै निर्णय गर्नुपर्ने हुँदा र जग्गा मिचेको हो वा होइन ? भनी प्रमाण बुझी निषेधाज्ञा वा परमादेशको असाधारण अधिकार क्षेत्र ग्रहण गरी अदालतले निरूपण गर्न नसक्ने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६६ सालको दे.पु.नं. ०१२५, निषेधाज्ञा, *रामकुमार अहिर समेत वि. रामअशिष यादव*

एकाको हकको जग्गा अर्काले गैरकानूनी हस्तक्षेप गर्नसक्ने आशंकाको विद्यमानता देखिएमा निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी हुन सक्ने नै हुँदा निवेदकको भोग चलनमा रहेको घर जग्गामा हस्तक्षेप नगर्नु नगराउनु भनी यी पुनरावेदकहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको दे.पु.नं. ०२८०, निषेधाज्ञा, *सुशील बर्मा समेत वि. नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड समेत*

अ.बं. १७ नं. बाट नै कानूनबमोजिम जे हुनुपर्ने वा नपर्ने नै हुँदा साधारण क्षेत्रबाटै पुनरावेदकले प्रभावकारी कानूनी उपचार प्राप्त गर्ने अवस्था हुँदाहुँदै असाधारण क्षेत्रको सहारा लिई पुनरावेदकहरू एकै विषयमा रिटको सहारा लिई अदालत प्रवेश गरेको देखिँदा साधारण क्षेत्र हुँदाहुँदै रिटको क्षेत्र आकर्षित भई निवेदकलाई उपचार गर्न नमिल्ने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको दे.पु.नं. ०६८२, निषेधाज्ञा, *इन्दुकुमारी देवी समेत वि. घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौं समेत*

साधिकार निकायले कानूनबममोजिम काम गर्न पुनरावेदकको उद्योगलाई पत्राचार गरेको विषयले उद्योग नै बन्द गर्ने अधिकारको विद्यमानता सिर्जना हुन जाने अवस्था नदेखिँदा पुनरावेदनको निवेदन दावीअनुसारको निषेधाज्ञा जारी गर्न नमिली रिट निवेदन नै खारेज हुने ।

इजलास हधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं.३४०९, उत्प्रेषण समेत, *जीतबहादुर खवास थारू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

मालपोत ऐन, २०३४ को दफा २४ मा सरकारी जग्गा दर्ता गर्न निषेध गरेको सरकारी जग्गा कुनै व्यक्तिले दर्ता गरेको अवस्थामा सो जग्गा बदर हुने व्यवस्था गरेको देखिन्छ । तर त्यस्तो जग्गा जग्गाधनी प्रमाणपूर्जा समेत प्राप्त भइसकेको अवस्थामा के कुन कारण प्रमाणको आधारमा दर्ता भएको हो भन्ने सम्बन्धमा सम्बन्धित जग्गाधनीलाई बुझी निजको सो जग्गा प्राप्तिका सम्बन्धमा मूल्याङ्कन गरेर मात्र निर्णयमा पुग्नु आवश्यक हुने हुँदा प्रस्तुत रिट निवेदनमा निवेदकलाई सुनुवाईको मौका नदिई उसका कुरा नसुनी एकतर्फी रूपमा गरिएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई कानूनी रूपमा त्रुटिपूर्ण हुने ।

यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०५८ सालको रिट नं. ३४१०, उत्प्रेषण समेत, *फूलमतीदेवी थरूनी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६५ सालको रिट नं. ०६०९, उत्प्रेषण समेत, *फूलमतीदेवी थरूनी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६५ सालको रिट नं. ६१०, उत्प्रेषण समेत, *जीतबहादुर खवास थारू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६० सालको रिट नं. २९५१, उत्प्रेषण समेत, *मजिद मिया तेली वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६० सालको रिट नं. २९५२, उत्प्रेषण समेत, *जौबेदा खातुन वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६० सालको रिट नं. २९५३, उत्प्रेषण समेत, *शेष वहिद वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६० सालको रिट नं. २९५४, उत्प्रेषण समेत, *रैसुल आजम वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६० सालको रिट नं. २९५५, उत्प्रेषण समेत, *कालिम मियाँ हजाम वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- *२०६० सालको रि.न.. २९५६, उत्प्रेषण समेत, चन्द्र महतो कोइरी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल मंसिर २९ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. WO-०९७५, परमादेश, *गंगादेवी शर्मा समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

कानूनबमोजिम योग्यता पुगेको मानी निवेदकहरूलाई सहायक चौथो तह वैद्य पदबाट सहायक पाँचौं तहमा स्तरवृद्धि गरिसकेपछि ऐन, नियमले व्यवस्था गरेअनुसारको स्तरवृद्धि भएको तहको पदनाम प्रदान गर्न कुनै कानूनले रोक नलगाएको अवस्थामा निवेदकहरूलाई आयुर्वेद सहायक पदनाम नदिई वैद्यको पदनाम प्रदान गरेको देखिएबाट विपक्षीहरूको कार्य कानूनसम्मत नदेखिएकोले नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ को अनुसूची ३ आयुर्वेद सहायक पदनाम दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ ९ गते रोज १ शुभम् ।

९

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३५९९, भन्सार मूल्याङ्कन, *बिराटनगर भन्सार कार्यालय, रानी मोरङ वि. शंकरलाल अग्रवाल*

मूल्याङ्कन समितिबाट निर्धारण भएको सन्दर्भ मूल्यको आधारमा बिराटनगर भन्सार कार्यालयले गरेको मूल्याङ्कनलाई मान्यता दिई सोअनुसार कायम भएको भन्सार महसूल तथा राजश्व बुझाई प्रतिवादी कमला ग्लोबलले आफूले आयात गरेको माल समेत बुझी लिई सकेको अवस्था र उक्त भन्सार महसूल तथा जरीवानाको रकम समेत बिक्री मूल्यमा समावेश भैसकेको र सोको भार उपभोक्ताहरूमा सरी सकेको अवस्था समेतलाई विचार नगरी बिराटनगर भन्सार कार्यालयले गरेको निर्णय मनासिवै देखिने ।

इजलास अधिकृत : उद्धबप्रसाद गजुरेल

कम्प्युटर : रानु पौडेल

इति सवत् २०६७ साल बैशाख १२ गते रोज १ शुभम् ।

१०

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३३३८, आयकर, *हुलास मेटल क्राफ्ट्स प्रा.लि. वि. कर कार्यालय हाल आन्तरीक राजश्व कार्यालय बिराटनगर*

चौथो स्केपको मौज्दातको अन्तिम मूल्याङ्कन सम्बन्धमा हेर्दा गत वर्ष बाँकी रहेको

स्टकको मूल्याङ्कन प्रति के.जी. रू.८।- गरेको र सो लाई विपक्षीले मान्यता समेत दिएको थियो । यस आ.व. मा पनि सोहीबमोजिम प्रति के.जी. रू.८।- का दरले मूल्याङ्कन गरिएकोमा बिनाआधार प्रमाण प्रति के.जी. रू. १५।- का दरले हुनुपर्ने भनी बढी मूल्याङ्कन गरेको भन्ने पुनरावेदन जिकीर रहेको र सो लाई यो यस आधारमा मूल्य बढेको भनी प्रत्यर्थीले उल्लेख गर्न नसकेको र पुनरावेदकको लेखाबाट समेत पुनरावेदन जिकीरबमोजिम नै स्केपको बिक्रीदर प्रमाणित भैरहेको देखिएकोले घटी मूल्याङ्कन गरेको भनी रू. ३,५८,९२९,।८३ लाई खुद आयमा समावेश गरेको कर कार्यालय र राजश्व न्यायाधीकरणको निर्णय मिलेको नहुँदा उक्त रकम मिनाहा हुने हुँदा चारै शीर्षकमा उल्लिखित रकमलाई खुद आयमा समावेश गरेको उक्त चारै शीर्षकका रकमहरू मिनाहा हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल माघ ४ गते रोज २ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६१ सालको फौ.पु.नं. ३३३९ आयकर, *ज्ञानचन्द्र दुगड वि. कर कार्यालय हाल आन्तरीक राजश्व कार्यालय बिराटनगर* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३२६८, आयकर, *चूडामणि देवकोटा वि. हुलास मेटल क्राफ्ट्स प्रा.लि. बिराटनगर*

राजश्व न्यायाधिकरण बिराटनगरले आयकर ऐन, २०३१ बमोजिम करदाताले पेश गरेको विवरण समेतका आधारबाट खर्च भएका शीर्षकका रकमलाई खुद आयमा समावेश गरेको शुरू कर कार्यालयको निर्णयलाई बदर गरी मिनाहा दिने ठहर गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल माघ ४ गते रोज २ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६१ सालको फौं.पु.नं.३२६७, आयकर, *चुडामणि देवकोटा वि. हुलास मेटल क्राफ्ट्स प्रा.लि. बिराटनगर* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १०

१

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको रिट नं. WO-०४४७, उत्प्रेषणयुक्त परमादेश, *प्रेम परियार वि. जिल्ला प्रहरी कार्यालय भरतपुर चितवन समेत*

निवेदकले विपक्षीहरूँग वैदेशिक रोजगारीमा पठाई दिन्छु भनी रकम लिएको भई नपठाएको कारणबाट विवाद सिर्जना भएको भन्ने रहेछ । यसरी उक्त विवाद सम्बन्धमा श्रम विभागमार्फत् काठमाडौं जिल्ला अदालतमा मुद्दा चलिरहेको विषयमा दुबै पक्षको मुख मिलेको देखिन्छ । उक्त विवाद सम्बन्धमा प्रचलित कानूनअनुसार सक्षम अदालतबाट निरोपण हुने नै हुँदा प्रस्तुत रिट निवेदनबाट मातहत अदालतमा चलिरहेको मुद्दामा प्रभाव पर्ने गरी हस्तक्षेप गर्नु न्यायको मान्य सिद्धान्त समेतको प्रतिकूल हुने नै हुँदा निवेदन मागअनुसारको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल माघ २२ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको रिट नं. WO-०४२४, उत्प्रेषण समेत, *राजनबहादुर तिमिल्सिना वि. महानगरीय प्रहरी बृत्त सानोठिमी, भक्तपुर समेत*

निवेदकले भने जस्तो जबर्जस्ती कागज गराएको अथवा थुनामा राखी धरपकड गरेको नदेखिनुका साथै प्रहरी कार्यालयको लिखित जवाफ व्यहोराबाट समेत निवेदकसँग कागज गराएको भन्ने देखिएको छैन । निवेदकले निवेदनमा उल्लेख गरेजस्तो थुन्ने थुनाउने आशंकाको पुष्टि हुन

नसकेको अवस्थामा निवेदकले माग गरेको आधारमा मात्र मागअनुसार आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृत : भोलानाथ ढकाल
इति संवत् २०६६ साल माघ २२ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६० सालको पु.रिट नं. ८८७६, निषेधाज्ञा परमादेश, *रवीप्रसाद घिमिरे वि. श्यामप्रसाद महतो समेत*

तल्लो निकायमा विचाराधीन मुद्दाको विवादित विषयवस्तुलाई प्रत्यक्ष रूपमा असर पुग्ने गरी अदालतले रिट क्षेत्रबाट हस्तक्षेप गरी आदेश जारी गर्न मिल्ने हुँदैन । यसरी अधिकार छ भन्दैमा जथाभावी आदेश जारी गरेमा अदालतको मान, मर्यादा एवं प्रतिष्ठामा आँच आउनुका साथै निषेधाज्ञाको सैद्धान्तिक अवधारणाप्रति नै नकारात्मक प्रभाव पर्ने हुन्छ । साथै प्रचलित कानूनले भन्सार अधिकृतलाई प्रदान गरेको अधिकारमा हस्तक्षेप हुने गरी निषेधाज्ञाको रोहमा आदेश जारी गर्न समेत नमिल्ने ।
इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम् ।

४

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ७८८८, जग्गा खिचोला दर्ता बदर दर्ता कायम, *चन्द्रकलावती कायस्तनी वि. केशवबहादुर शाह*

मालपोत कार्यालयले गरेको मिति २०३७।६।७ मा भएको निर्णयउपर मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम पुनरावेदन गरी बदर गराउनु पर्नेमा वादीले सो गराउन नसकेको हुँदा मालपोत कार्यालयको निर्णयको अस्तित्व कायमै रहेको र सो निर्णय बदर गरी पाऊँ दावी नगरेको भन्ने उल्लेख भएको पाइन्छ । फिरादको प्रकरण २ मा उक्त मालपोत कार्यालयको निर्णय बदर गरी पाऊँ भनी वादीले दावी लिएको पाइँदा र तत्कालीन कानूनी व्यवस्थामा मालपोत कार्यालयको निर्णयमा पुनरावेदन गर्ने व्यवस्था नदेखिँदा फिरादपत्र नै राम्ररी अध्ययन नगरी भई आएको नक्सा मुचुल्काको प्राज्ञिक विवेचना नै नगरी फैसला भएको देखिँदा त्यसलाई कानूनसम्मत मान्न नमिल्ने भई त्रुटिपूर्ण हुँदा फैसला बदर हुने ।
इजलास अधिकृत : परशुराम भट्टराई
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल भदौ १ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ९६९५, ७७७४, लेनदेन, *प्रेमकुमारी खड्का वि. सम्पूर्णनारायण भारी, सम्पूर्णनारायण भारी वि. प्रेमकुमारी खड्का समेत*

वादी दावीको स्वस्ती खड्काले कपाली तमसुक गरी लिएको रू. ११,००,०००।- अक्षरेपी (एघार लाख) र कानूनबमोजिम पाउने ब्याज समेत प्रतिवादी प्रेमकुमारी खड्का समेतको सम्पत्तिबाट दिलाई भराई पाउने गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी वादीले स्वस्ती खड्काको हकको सम्पत्तिबाट मात्र बिगो भरी पाउने र प्रतिवादी प्रेमकुमारी खड्काको सम्पत्तिबाट बिगो भरी लिन पाउने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत : अम्बिका निरौला
इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम् ।

६

**मा.न्या. मोहनप्रकाश सिटौला र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.नं. ९१२९, फैसला बदर दर्ता बदर दर्ता कायम, *उर्मीला पौडेल वि. चन्द्रनारायण चौधरी समेत*

प्रमाणमा संलग्न रहेको दे.नं. १३०७ को मुद्दामा वादी दावीबमोजिम दर्ता बदर हुने ठहर भएपनि सो मुद्दामा कुन तर्फबाट दर्ता बदर हुने भनी स्पष्ट नभए पनि मोहडा तर्फबाट नै उक्त मुद्दाकी वादी अर्थात् प्रस्तुत मुद्दाकी प्रतिवादी इन्द्रा चौधरीले आफ्नो नाउँमा दर्ता हुने गरी गराएको कार्यलाई उक्त दे.नं. १३०७ को फैसलाअनुरूप भएको भन्ने कुरालाई नमानी वादीको आंशिक दावीलाई खम्बीर गरी प्रस्तुत मुद्दामा सो सन्दर्भमा

दर्ता बदर हुने ठहऱ्याएको र सोउपर प्रस्तुत मुद्दाकी प्रतिवादी इन्द्रा चौधरीको पुनरावेदन नपरे पनि वादीको दावीअनुरूप भएको सो फैसलालाई केही उल्टी गरी वादीको शुरू जिल्ला अदालतबाट खम्बीर भएको दावी समेत माथि प्रतिकूल असर पर्ने गरी भएको फैसलालाई सो हदसम्म न्यायसंगत भन्न नमिल्ने ।

इजलास अधिकृत : राजन बास्तोला

इति संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

यसमा यस्तै लगाउका निम्न मुद्दाहरूमा पनि यसै अनुसार फैसला भएका छन् :

- २०६० सालको दे.पु.नं. ९१३०, लिखत दर्ता बदर दर्ता, *उर्मीला पौडेल वि. चन्द्रनारायण चौधरी समेत*
- २०६६ सालको CR-०२५४, जालसार्जी, उर्मीला पौडेल वि. चन्द्रनारायण चौधरी समेत
- २०६६ सालको CR-०२५५, जालसाजी, *उर्मीला पौडेल वि. चन्द्रनारायण चौधरी समेत*

७

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री सुशीला कार्की,** २०६० सालको फौ.पु.नं. ३५१७, ३४९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सत्यनारायण सेन समेत, गगनकुमार सेन वि. नेपाल सरकार*

प्र.गगनकुमार सेनले तत्काल मन्दिर प्रवेशको विषयलाई लिएर उठेको रिसको कारणले सखुवाको लाठीले मृतक आशाराम चौधरीलाई हिर्काई घाइते बनाई सोही चोटको कारणबाट निजको मृत्यु भएको हुँदा प्रतिवादी गगनकुमार सेनलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १० वर्ष कैद हुने र अन्य प्रतिवादीहरूले सफाई पाउने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल माघ १८ गते रनेज ४ शुभम् ।

**८**

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५-WO-०६५८, उत्प्रेषणयुक्त परमादेश, *उत्तरकुमार डाँगी वि. नेपाल वायुसेवा निगम, प्रधान कार्यालय समेत*

निवेदक विमान परिचारकको पदमा कार्यरत् रहेको अवस्थामा विमान परिचारक वा परिचारिकाको हकमा ५० वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश दिने भन्ने विनियम ६३ को प्रावधानअनुसार नै विपक्षी नेपाल वायुसेवा निगमले निवेदकलाई अवकाश दिने गरी भएको निर्णय एवं सोसंग सम्बन्धित सम्पूर्ण कामकारवाही त्रुटिपूर्ण नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति सवत् २०६६ साल असार २७ गते रोज १ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री तपबहादुर मगर,** २०६६ सालको रिट नं. ०१५०, उत्प्रेषणयुक्त परमादेश, *झलकबहादुर रावल समेत वि. पुनरावेदन अदालत पाटन समेत*

रिट निवेदनमा माग गरिएको विषय अंशसम्बन्धी मुद्दाको नभै लिखत बदर मुद्दाको फैसला कार्यान्वयन गर्दाको आदेशसँग सम्बन्धित भएको हुँदा लिखत बदर मुद्दाको कार्यान्वयनको क्रममा भएको आदेशलाई सोभन्दा पृथक अंश मुद्दामा जस्तो गरी निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री तपबहादुर मगर,** २०६७ सालको रिट नं. १०९२, उत्प्रेषण समेत, *नीरबहादुर पौडेल वि.पुनरावेदन अदालत पाटन समेत*

कैद, दण्ड, जरीवाना लागेको व्यक्तिबाट कैद, जरीवाना असूलउपर गर्न आवश्यक अदालतले प्रहरी कर्मचारी, अन्य व्यक्ति वा संस्थासँग सहयोग माग्नसक्ने र त्यसरी सहयोग मागेमा सहयोग उपलब्ध गराउने व्यक्ति, प्रहरी वा संस्थालाई समेत

प्रोत्साहन रकम उपलब्ध गराउने प्रस्तुत व्यवस्था हो । रिट निवेदन व्यहोराबाट अदालतको आग्रहअनुसार डोरमा संलग्न भएको भन्ने अवस्था देखिँदैन । यस्तो स्थितिमा जिल्ला अदालतको आदेश सदर गरेको पुनरावेदन अदालतको आदेशलाई कानूनबमोजिम नभएको भनी भन्न र सम्भन नमिल्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह,** रिट नं. २०६६-WO-११५४, उत्प्रेषण, परमादेश, प्रतिषेध समेत, *पन्नादेवी अग्रवाल वि. वन तथा भू संरक्षण मन्त्रालय समेत*

निवेदकले कुनै वस्तु आपूर्ति गर्न बोलपत्र भरी पेश गरेको मात्र कारणबाट निजको संविधान प्रदत्त कुनै हकको सिर्जना भएको र सो बोलपत्र अस्वीकृत भएबाट सो संवैधानिक हकमा आघात परेको सम्भन नमिल्ने भएबाट निजको बोलपत्र अस्वीकृत गरिएको कार्यबाट निजको सविधानद्वारा प्रदत्त के कुन हकमा आघात पर्न गएको हो सो कुरा निवेदकले खुलाउन नसकेको तथा बोलपत्र अस्वीकृत गरेको कारवाही वा निर्णयका सम्बन्धमा सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४९ मा वैकल्पिक उपचार रहेको देखिंदा प्रचलित कानूनअनुसार वैकल्पिक उपचारको विद्यमानतामा प्रस्तुत रिट जारी हुन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाभ्की

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

४

**मा.न्या श्री कल्याण श्रेष्ठ,** २०६६-WO-००१२, उत्प्रेषण समेत, *जयमंगल साह कानू वि. मध्यक्षेत्र प्रहरी कार्यालय हेटौडा समेत*

बिलम्वको सिद्धान्तले के कति अवधि पछि रिट दायर गरेमा बिलम्व हुने भनी स्पष्ट रुपमा मिति वा समय तोकेको नभएपनि यो सिद्धान्त मुद्दा एवं विषयवस्तु अनुसार सापेक्ष रुपमा प्रयोग हुनुपर्ने देखिन्छ । बिलम्वको सिद्धान्तलाई समय सीमाका अलावा औचित्य समेतको आधारमा विचार गरी प्रयोग गर्नुपर्ने हुन्छ । यदि निवेदकलाई थाहै नहुने विषय रहेछ तथा निवेदकले चाहे पनि समयमा थाहा पाउन नसक्ने वर्गको व्यक्ति रहेछ भने ३, ४ वर्ष ढिलो गरी निवेदन दर्ता भएको भए पनि त्यहाँ बिलम्वको सिद्धान्त आकर्षित नहुन सक्दछ । तर विषयवस्तु एवं परिस्थितिले निवेदकलाई समयमै जानकारी हुने वा हुनुपर्ने जस्तो देखिएको स्थितिमा छोटो अवधि पश्चात् नै बिलम्वको सिद्धान्त आकर्षित हुने हुन्छ ।

पुनरावेदन तहबाट शुरूकै निर्णय सदर हुने ठहरी निर्णय भैसकेको अवस्थामा सो निर्णयउपर चित्त नबुझेको भए मौकैमा उपचारको खोजी गर्ने दायित्व यी निवेदकको रहेकोमा सो नगरी पुनरावेदन निर्णय भएको करीब ४ वर्ष पछि दायर भएको रिट निवेदन बिलम्बको सिद्धान्तबमोजिम खारेज हुने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल साउन १० गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६७ सालको WO-००७२, उत्प्रेषणयुक्त परमादेश, *रविचन्द्र ज्ञवाली वि. शिक्षा मन्त्रालय समेत*

निवेदक सट्टा अस्थायी शिक्षकमा नियुक्ति भई यी उपर भ्रष्टाचारमा मुद्दा चलिरहेको र विपक्षीहरूका कार्यबाट यी निवेदकको संवैधानिक हक हनन् भएको कुरा समेत नदेखिएकाले यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी मागबमोजिम आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल साउन २० गते रोज ५ शुभम् ।

# अदालत गतिविधि

## का.मु.सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले प्रशासकीय अदालतद्वारा मिति २०६७।५।१८।६ मा आयोजित "शान्ति प्रक्रिया र संविधान निर्माण" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रममा दिनु भएको मन्तव्य

सर्वप्रथम प्रशासकीय अदालतद्वारा आफ्नो स्थापना दिवसको अवसर पारेर आयोजना गरिएको **"शान्ति प्रक्रिया र संविधान निर्माण"** विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा आमन्त्रण गरी मलाई आफ्नो मन्तव्य राख्ने अवसर प्रदान गर्नु भएकोमा आयोजकहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

मुलुक यतिखेर नयाँ संविधान निर्माणको प्रक्रियामा अगाडि बढिरहेको छ । नयाँ संविधान निर्माणको विषय स्वाभाविक रुपमा शान्ति प्रक्रियासँग पनि जोडिएको छ । यस संवेदनशील घडीमा सबैको ध्यान संविधान निर्माणतर्फ एकोहोरिनु अस्वाभाविक होइन । नयाँ संविधानले विगतका द्वन्द्वपूर्ण अवस्थालाई सदाका लागि अन्त्य गर्ने र मुलुकमा दिगो शान्तिको स्थापना गर्ने कुरामा आशावादी बन्न सकिन्छ । त्यसैगरी विगत लामो समयदेखि कायम रहँदै आएका यथास्थितिवादी सोच, पुरातन मूल्य, मान्यता, परम्परागत पद्धति र कार्यशैलीलाई बदली नवीनतम दृष्टिकोणका साथ अघि बढ्ने वातावरणको निर्माण गर्दै सामाजिक रुपान्तरण गर्नु पनि संविधानको प्राथमिक कार्यसूचीभित्र पर्दछ भन्ने मैले ठानेको छु ।

मुलुक नयाँ संविधान निर्माणको प्रक्रियामा अघि बढिरहेको बेला न्यायकर्मीलगायत न्यायपालिकाका सरोकारवाला सबैमा न्यायिक स्वतन्त्रता र सक्षमताको पक्षमा संविधानमा के कस्ता प्रबन्धहरू गरिएला भन्ने जिज्ञासा र चासो उत्पन्न हुनु अस्वाभाविक होइन । संविधान राजनीतिकमात्र नभै देशको आर्थिक एवं सामाजिक दिशावोध गर्ने प्रमुख दस्तावेज समेत भएकाले त्यसले जनताका सबै खालका अपेक्षाहरूलाई सम्बोधन गर्नसक्नु पर्दछ । संविधानसभामार्फत् संविधान निर्माण गर्ने सर्वोत्कृष्ट लोकतान्त्रिक अभ्यास गरिरहेका हामी नेपालीहरूले मानव अधिकार, नागरिक स्वतन्त्रता, विधिको शासन, समावेशी लोकतान्त्रिक शासन प्रणाली र स्वतन्त्र न्यायपालिका जस्ता आधारभूत मूल्य मान्यताहरूलाई आत्मसात् गर्ने खालको सर्वोत्कृष्ट संविधानको अपेक्षा गर्नु पनि उत्तिकै स्वाभाविक छ । यसै सन्दर्भमा अब बन्ने नयाँ संविधानमा स्वतन्त्र न्यायपालिकाको अवधारणाले अरु महत्व पाउने छ भन्ने मैले ठानेको छु ।

न्यायिक स्वतन्त्रतालाई हामीले कहिल्यै पनि न्यायिक स्वच्छन्दताका रुपमा बुझेका छैनौं, हामी जिम्मेवार, उत्तरदायी र जनविश्वासप्राप्त न्यायपालिकाप्रति प्रतिबद्ध छौं । न्यायमा जनताको सहज पहुँच सुनिश्चित गर्न हामी योजनाबद्ध ढंगले क्रियाशील हुँदै आएका पनि छौं । तर न्याय सम्पादनको कार्य न्यायपालिकाको एक्लो प्रयासमा मात्रै प्रभावकारी हुन नसक्ने भएकाले न्यायक्षेत्रका सरोकारवाला सबैको साथ र सहयोगको बलमा न्यायका नवीनतम मूल्य मान्यतालाई अंगाल्दै अघि बढ्ने हाम्रो प्रयास निरन्तर रुपमा जारी छ र रहने पनि छ । हामीले वर्तमान संविधानले प्रदान गरेको विद्यमान संरचनाभित्रै देवानी, फौजदारी, वाणिज्य जस्ता विषयगत आधारमा खास खास प्रकृतिका मुद्दाहरूमा न्याय निरुपणका लागि समूह पद्धतिको अनुसरण गरेका छौं । संवैधानिक विवादहरूका सन्दर्भमा पनि त्यस्तै पद्धतिको अवलम्बन गर्ने सोचका साथ सर्वोच्च अदालतभित्रै संवैधानिक इजलास गठन गर्ने तर्फ विशेष पहल समेत भइरहेको छ । हाम्रा यी प्रयत्नहरू न्यायपालिकाप्रति जनताले राखेका अपेक्षाहरुलाई सम्वोधन गर्दै जिम्मेवार न्यायपालिका निर्माण गर्ने वृहत्तर सोचका उपज हुन् ।

न्यायलाई सहज, सरल, छिटो छरितो र पहुँचयोग्य बनाउनका लागि गर्नुपर्ने कानूनी प्रबन्धदेखि लिएर अन्य भौतिक उपलब्धताका लागि

कार्यपालिका र व्यवस्थापिकाको सहयोग अपरिहार्य हुन्छ । पुरातन कानूनी संरचना, कानूनी प्रबन्ध र कानूनी प्राबधानबाट एक्काइसौं शताब्दी सुहाउँदो न्याय निष्पादनको अपेक्षा गर्न सकिँदैन । न्यायपालिकालाई नवीन सोच र शैलीका साथ अघि बढाउन कानून बाधक बनेका छन् कि, स्रोत साधनको अभाव रहेको छ कि, दक्ष जनशक्तिको अभाव पो छ कि, यी यावत् पक्षहरुमा एकसाथ ध्यान नदिने हो भने जनताले न्यायपालिकाबाट राखेका अपेक्षाहरु पूरा गर्न सकिने स्थिति रहँदैन । त्यसैले शान्ति प्रक्रियासँग संविधान निर्माणको प्रसंगलाई जोडेर छलफल गर्न खोजिएको बेला दीगो शान्तिसँग अन्योन्याश्रित रुपले जोडिएर आउने स्वतन्त्र एवं सक्षम न्यायपालिकाको प्रबर्द्धनका लागि आवश्यक मानिने सबै पक्षमा गम्भीरतापूर्वक ध्यान दिन म सम्बद्ध सबैलाई आग्रह गर्दछु ।

आजको छलफलको विषय **"शान्ति प्रक्रिया र संविधान निर्माण"** भए तापनि आज हामी प्रशासकीय अदालतको स्थापना दिवस पनि मनाइरहेका छौं । प्रशासकीय अदालत स्थापनाको मुख्य उद्धेश्य भनेको न्यायमा विशिष्टीकरण नै हो । विषयगत दक्षता हासिल गरेका विशेषज्ञहरूबाट विवाद समाधान गरिएमा नै त्यो प्रभावकारी हुनसक्छ भन्ने मान्यताको जगमा प्रशासकीय अदालत जस्ता विशेष प्रकृतिका न्यायिक निकायहरुको स्थापना भएको हो । प्रशासकीय अदालतलाई हाल प्रदान गरिएको अधिकार क्षेत्र केही साँघुरो भएको र त्यसले समग्र प्रशासनिक विवादको निरुपण गर्ने अधिकार नपाएको कारणले गर्दा सार्वजनिक संस्थामा कार्यरत् कर्मचारीहरूको सरुवा, बढुवा र विभागीय सजाय लगायतका थुप्रै विवादहरुमा सर्वोच्च अदालतले न्याय निरुपण गर्नु पर्ने अवस्था रहेको छ । त्यसबाट एकातिर सर्वोच्च अदालतमा अत्यधिक कार्यबोझ बढ्न गएको छ भने अर्कोतर्फ प्रशासनिक विवाद निरुपणकै लागि गठन भएको प्रशासकीय अदालतका लागि कार्यबोझको कमीको अवस्था समेत देखिएको छ । अहिलेकै तथ्याङ्कलाई केलाउने हो भने पनि प्रशासकीय अदालतमा यतिखेर केबल ३७ थान मुद्दा रहेको देखिन्छ भने सर्वोच्च अदालतमा सार्वजनिक संस्थाका कर्मचारीसँग सम्बन्धित सरुवा, बढुवा लगायतका मुद्दाहरुको संख्या वर्षेनी करिब एक हजारको हाराहारीमा रहने गरेको देखिन्छ । यो तथ्याङ्कबाट पनि प्रशासकीय अदालतको अधिकार क्षेत्रमा पुनरावलोकन हुनुपर्ने अवस्था टड्कारो देखिन आउँछ । यही वास्तविकतालाई हृदयंगम गरेर नै २०६५ सालमा मेरै अध्यक्षतामा गठन भएको **अदालतको अधिकार क्षेत्र पुनरावलोकन कार्यदल**ले प्रशासकीय अदालतको अधिकार क्षेत्रको पुनरावलोकन समेत गरी **प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६५** को मसौदा तयार गरेको थियो । नेपाल सरकारसमक्ष प्रस्तुत गरिएको उक्त मसौदा विधेयकका सम्बन्धमा नेपाल सरकारबाट अनुरोध भै आएवमोजिम सर्वोच्च अदालतको पूर्ण वैठकबाट समेत २०६६ सालमा नै राय परामर्श दिइसकिएको भएतापनि सो विधेयकले हालसम्म पनि ऐनको रुप धारण गर्न नसकेको हुँदा प्रशासकीय अदालतको क्षेत्राधिकारको सीमितता कायमै रहेको छ । त्यसैले प्रशासकीय अदालतको स्थापना दिवस मनाउँदै गर्दा प्रशासकीय अदालतको अधिकार क्षेत्रको पुनरावलोकनको विषयले पनि प्राथमिकता पाउनु पर्ने र तर्जुमा भैसकेको उक्त विधेयकलाई यथाशीघ्र ऐनको स्वरुप प्रदान गर्नु पर्ने आवश्यकतालाई म यहाँ दोहोऱ्याउन चाहन्छु ।

संविधान निर्माणको प्रक्रिया लम्बिँदै गर्दा मुलुकको संक्रमणकाल पनि लम्बिँदै गएको छ र संक्रमणकालका चुनौतीहरू पनि थपिँदै गएका छन् । संक्रमणकालको अबधि लम्बिँदै जाँदा दण्डहीनताको अन्त्य, सुशासनको प्रत्याभूति, कानूनी राज्यको स्थापना र समग्रमा समुन्नत, शान्त र सुस्थिर नेपालको चाहना ओझेलमा पर्दै गएका छन् । तर संविधानसभाको माध्यमबाट संविधान निर्माण गर्ने नेपाली जनताको उत्कट चाहनाभित्र पहिलेभन्दा बढी खुला, पारदर्शी र उत्तरदायी शासनप्रणाली स्थापना गर्ने अपेक्षाहरू पनि समेटिएका छन् भन्ने कुरालाई सबैले मनन गर्नु जरुरी छ । जनताका मौलिक हक, नागरिक स्वतन्त्रता र मानव अधिकारको रक्षा र कानूनी राज्यको प्रत्याभूतिका

लागि न्यायपालिकाको भूमिका सर्वाधिक महत्वपूर्ण रहेको हुन्छ । न्यायपालिकालाई कमजोर बनाउँदा अन्ततः लोकतान्त्रिक पद्धति, विधिको शासन र मानवअधिकार कमजोर हुनजाने निश्चित छ । त्यसैले स्वतन्त्र न्यायपालिका लोकतान्त्रिक शासन प्रणालीको आधारभूत संरचना भएकाले त्यसको विपरीत हुने गरी कसैको सोच रहेको होला भन्ने म ठान्दिन ।

**"शान्ति प्रक्रिया र संविधान निर्माण"** विषयक आजको यस छलफल कार्यक्रममा न्यायपालिकाको स्वतन्त्रता र सक्षमताका विषयमा पनि सघन रुपमा छलफल हुने नै छ भन्ने मैले विश्वास लिएको छु । साथै प्रशासकीय अदालतको अधिकारक्षेत्र र त्यसको प्रभावकारिताको विषयमा पनि छलफल भै सार्थक निष्कर्ष निस्कने कुरामा पनि म विश्वस्त छु ।

अन्तमा, यस कार्यक्रमको आयोजना गरी मलाई आफ्ना दृष्टिकोणहरू राख्ने अवसर प्रदान गर्नु भएकोमा आयोजकहरुलाई पुनः धन्यवाद दिँदै मेरो मन्तव्य यहीँ टुंग्याउँछु ।

धन्यवाद !

**नेपाल कानून आयोगको वेबसाइटमा संविधान समेत हालसम्म २५० जति ऐनहरू र तीमध्ये १०० वटा जति ऐनको अंग्रेजी अनुवाद निःशुल्क पढन र डाउनलोड गर्न सकिनेछ ।**

**ठेगाना**

**www.lawcommission .gov.np**